# धर्मकीर्ति
## THE DHARMAKIRTI
### A BUDDHIST MONTHLY



धर्मकीर्ति विहारको नवनिर्मित भवन

**२०५९ पौष महिना**

वर्ष-२० अङ्क-९ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस्।

४. हामी तपाइँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ– सम्पादक मण्डल हुने छैन।

---

## विषय–सूचि


| | | |
|---|---|---|
| १. सम्पादकीय | – | २ |
| २. बुद्ध शासनको एक स्तम्भ | – | ३ |
| ३. धर्म | – माधवी गुरुमां | ५ |
| ४. बुद्ध र उपदेश | – सावित्री महर्जन | ५ |
| ५. शिवपुरीको फेदीमा प्राचीन ऋषिमुनिको ... | – भीमसेन सापकोटा | ६ |
| ७. मूर्खको लक्षण | – भिक्षु अश्वघोष | ७ |
| ८. फेरि अर्को दूराशययुक्त अभियान या बसी बियालो ? | – युवराज घिमिरे | ८ |
| ९. छलफल | – मेघदूत | १० |
| १०. स्व. पवित्रबहादुर (राजभाई) बज्राचार्य | – न्हुछेबहादुर बज्राचार्य | ११ |
| ११. अष्टश्लोकी मतिशोधन अभ्यास–२ | – दलाइ लामा, अनु. नानिभाई स्थापित | १२ |
| १२. धर्मकीर्ति विहार–गतिविधि | | |
| १३. छोरी जन्मिएको खुसियालीमा चियापान | | २२ |
| १४. धर्म प्रचार–समाचार | | २३ |
| १५. पापी र पुण्यवान् | – भिक्षु संघरक्षित | २५ |


---

- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु।
- आसे धयादीमते, बिचाः याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु।

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५, २२४९१२

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**
फोन : २७७५७२

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४६
नेपालसम्वत् ११२३
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

*A Buddhist Monthly*

**DECEMBER 2002**

| वर्ष- २० | अङ्क- ९ | योमरी पुन्ही | पुष २०५९ |
|---|---|---|---|





★ अन्नदान गर्नेले बलदान गरेको हुन्छ ।
वस्त्रदान गर्नेले वर्ण दान गरेको हुन्छ ।
यान (वाहन) दान गर्नेले सुख दान गरेको हुन्छ ।
बत्ति दान दिनेले प्रज्ञारुपी आँखा दान गरेको हुन्छ ।
जसले बस्नको लागि बासस्थान दान गर्छ
त्यसले सबैनै दान गरेको हुन्छ ।

★★★

★ यो पुरानो कुरा हो, अहिलेको होइन, नबोल्नेलाई पनि, धेरै बोल्नेलाई पनि, नरमबोलीलाई पनि, निन्दा गर्छन्, यो संसारमा कोही पनि निन्दाबाट बचेको छैन ।

# वर्षावासको उपलब्धि

भिक्षुहरूको जीवन विभिन्न नियमहरूले बाँधिएको जीवन हो । सिपाहीँको जीवन जस्तै अनुशासित हुनुपर्ने जीवन हो । उनीहरूको जीवन भनेको अप्रसन्न व्यक्तिहरूलाई प्रसन्न बनाउनको लागि र प्रसन्न व्यक्तिहरूलाई अझ बढि प्रसन्न बनाउनको लागि हो । त्यसैले मानिसहरूको अपवादबाट बच्नको लागि वा भिक्षुहरूको उन्नतिको लागि र सुविधाको लागि गौतम बुद्धले भिक्षु नियम परिवर्तन पनि गर्नु भयो । नयाँ उपनियमहरू पनि बनाउनु भयो । त्यसमध्ये वर्षावास तीन महीना एउटै ठाउँमा बस्ने एक प्रकारको नियम हो । वर्षावास भन्नाले आषाढ पूर्णिमा देखि कार्तिक पूर्णिमा सम्म तीन महीना कहिं कतै नगई एकै ठाउँमा बस्नुपर्छ भन्ने बुझिन्छ । वास्तवमा बुद्धकालिन समयको शुरु देखि बनाइएको नियम थिएन यो । मानिसहरूको दोषारोपणबाट मुक्त हुनको लागि बुद्धले बनाउनु भएको नियम हो यो ।

बुद्धको निर्देशन अनुसार भिक्षुहरू एउटै ठाउँमा नबसी बहुजन हिताय, बहुजन सुखाय- गाउँ गाउँ र नगर नगरमा गई साधारण मानिसलाई असल मानिस बनाउनका लागि राम्रो गुण र ज्ञानको प्रचार गर्ने नियम तथा चलन थियो । त्यसताका जैन धर्मी साधुहरूको वर्षायाम तीन महिना एउटै ठाउँमा बस्नुपर्ने नियम थियो । उनीहरू कट्टर अहिंसावादी थिए । बर्षाकालमा जमीनबाट थुप्रै कीराहरू निस्कन्थे । खुट्टाले कुल्चेर ती कीराहरू मरेको खण्डमा पाप लाग्छ भन्ने उनीहरूको धारणा थियो । बुद्धको विचार अनुसार आफ्नो मनमा मार्ने चेतना नभएसम्म खुट्टाले कुल्चेर प्राणी मरेपनि पाप लाग्दैन ।

भिक्षुहरू वर्षाकालमा एउटै ठाउँमा नबसी गाउँ गाउँमा जान खेतको आलीबाट र बर्षाले रुझेर हिंडिरहेको देखेर अरु धर्मावलम्बीले यसरी दोषारोपण गर्न थाले–

गौतम बुद्धका शिष्य भिक्षुहरूको कस्तो नियम हो त्यो, पशु पंक्षीहरू त पानी परेको समयमा आफ्नो गुँडमा आएर बस्छन् भने बुद्धका यी शिष्य भिक्षुहरू मानिस भएर पनि के तालका रहेछन् ?

यस प्रकारका अपवादहरू सुनेर बुद्धले विचार गर्नुभयो- पानी परेको समयमा यताउती जानुपर्दा भिक्षुहरूलाई पनि कष्ट हुनेगर्छ । कतिपय भिक्षुहरू त वर्षातको पानीमा रुझेर विरामी पनि परिराखेका छन् । अरुबाट अपवाद पनि सुन्न परिरहेको छ । वर्षाकाल तीन महीना एउटै ठाउँमा बर्षावास बस्दा भिक्षुहरूको लागि (निम्न उल्लेखित) बिभिन्न फाइदाहरू प्राप्त हुन्छन्–

१) पानीमा रुझेर विरामी पर्ने छैन ।
२) आफूभन्दा बिद्वान व्यक्तिहरूसंग बसेर केही ज्ञान सिक्न पाउनेछ ।
३) ध्यान भावना अभ्यास गरेर आध्यात्मिक उन्नति गर्न सकिने छ ।
४) उपासक उपासिकाहरूलाई राम्ररी धर्मको शिक्षा दिन पाउँछ ।
५) वर्षामा हिंड्ने व्यक्ति भनी मानिसहरूको तर्फबाट गुनासो पनि सुन्नुपर्ने छैन ।

यति फाइदा देखी बुद्धले भिक्षुहरू प्रति करुणा राखी वर्षाकाल तीन महीना एउटै ठाउँमा बस्ने नियम बनाइदिनुभयो ।

आजभोली त अलग्ग अलग्ग बिहार बनाई स्थायी रूपमा बस्न थालिसकेपछि बर्षाबास बस्नुको त्यति औचित्य देखिन्न ।

बर्षाबासको महत्त्वको कुरा गर्ने हो भने बर्षावास बस्ने प्रथाले भिक्षु नियम पालन गर्नुपर्ने बिषयमा सम्झना गराइदिन्छ ।

बर्षावास तीन महीना भित्र वर्षावास बसेको बिहारबाट बाहिर जान नै हुँदैन भन्ने नियम त छैन । धार्मिक कार्य गर्नको लागि आफ्ना आमा बुबा विरामी पर्दा सेवा गर्न जाने, धर्मदेशनाको लागि निमन्त्रणा आउँदा ६ दिन सम्म बाहिर रहन सकिन्छ । सातौं दिनको राती बर्षावास बसेको थलोमा फर्किनु पर्छ ।

उपलब्धी–

बर्षावास सम्पन्न भएको उपलक्षमा भिक्षु संघलाई कथिन चीवर दान दिने, अष्टपरिष्कार दान दिने चलनले गर्दा दाताहरूको इच्छानुसार अधिकांश भिक्षु भिक्षुणीहरूको र उपासक उपासिकाहरूको समागम हुन्छ र बुद्ध उपदेशको विषयमा चर्चा हुन्छ । व्यक्तिगत भावना भन्दा सामूहिक भावनाको महत्त्व भएको विषयमा चर्चा भइरहन्छ । कथिन चीवर पहिले भिक्षुसंघलाई दान दिन्छ । त्यसपछि मात्र भिक्षुसंघको सर्ब सम्मतिले वर्षावास बस्ने भिक्षुलाई दिइन्छ । कहिले पनि सार्वजनिक धार्मिक कार्यक्रम नभएको स्थानमा पनि धार्मिक प्रवचन गर्ने मौका प्राप्त हुन्छ । उपलब्धी त यही देखिन्छ ।

# बुद्ध शासनको एक स्तम्भ-द्वारिका दास

✍ भिक्षु संघरक्षित
संघाराम

हामी नेपालीमात्रको नयाँवर्ष, नेपाल सम्बत् ११२३ पर्सि नै भइसक्यो । काठमाडौं शहरको सडकगल्ली, घर-बहाल सबैतिर झिलिमिलि झिलिमिलिले चम्किरहेको छ । विभिन्न थरिका पताखाहरू पनि बज्दै थियो । रात्रीको समय । चिसो बढ्दै थियो । एउटा कोठाभित्र रहेर हामी भिक्षुहरू कुराकानी गरिरहेका थियौं । त्यसै समयमा फोनको घण्टी बज्न थाल्छ जोडजोडले । फोन उठाएं । विराटनगरबाट ट्रंकल रहेछ । फोन गरेर ल्याउने व्यक्ति हाम्रै संघाराम विहारका दाता बा द्वारिकादास श्रेष्ठका नाति तथा संघदास श्रेष्ठका पुत्र सन्देश रहेछ । अघिपछिभन्दा उसको स्वर अलि गम्भीर थियो । उसले संक्षिप्तमै खबर सुनायो- "भन्ते, अघि विहान ११ बजेतिर बाजे (द्वारिकादास) बित्नुभयो । अहिले भर्खरै मात्र दाहसंस्कार सकाएर आउँदैछौं ।" खबर सुनेर हामी स्तब्ध भयौं ।



बाजे रहेन । उहाँको अनुहारमात्र आँखासामु झलझली आइरह्यो । ती बाजे, जो १०३ वर्ष भइसकेको बलियो र श्रद्धालु उपासक थियो । उहाँको जीवनको अधिकांश अन्तिम समय हामीसंगै संघाराम विहारमै बितेको थियो । यदाकिम्चित् बृद्धभाव आउन नदिई खुरुखुरु हिंडिरहने, यताउता सकेसम्म सफा गरिराख्ने, घाँस उखालिराख्ने, मूल ढोकाको नजिकमा बसेर बाटोमा हिंड्नेहरूलाई ठूलो स्वरले 'भगवान शरण का' भनिरहने, अनि बलियो छु भन्ने भाव देखाउन हामीसंग पञ्जा लडाउने चुनौति दिएर आफ्नै छातिमा आफैंले ड्याम ड्याम हानेर देखाउने उहाँको नहराएको स्वभाव नै भयो ।

सुन्ने, देख्ने अनि बोल्ने जस्ता कुराहरूमा बलियो शक्ति भएको उहाँ चिया खानमा पल्केको र गुलियो खानमा रमाउने ब्यक्ति थियो । कहीं बाहिरबाट भित्र विहारमा आउनासाथ केही पाउने अभिलाषाले हात फैलाउनु हुन्थ्यो । स्याउ, केरा जस्ता फलफूल, गुलियो चकलेटहरू हातमा राखिदिंदा अति खुशि हुन्थे । कहीं बस्दाबस्दै पनि खाना पकाउने प्रेमदाइ वा हामीलाई देख्दा उनी कराउनु हुन्थ्यो- "ऐय्या ऐय्याऽऽ क्या खाया । "आप करे आपको माइको नि बापको' भनेर बरोबर सुनाउने उहाँ भनिरहनु हुन्थ्यो- 'कहना और करना बहुत फरक है ।" कहिले कसैसँग बोल्दा बोल्दै आफू हार्न थाल्यो भने एउटा शायरी छोडेर अलगिन्थे । "मूर्ख से मामला पडे तो बुझ से रिझे नहीं ।" वास्तवमा उहाँलाई यस्ता रमाइला सान्दर्भिक टुक्का, शायरीहरू धेरै आउँथे र सुनाइरहन्थे मौका पाउनासाथ ।

बौद्ध देशहरू थाइलैण्ड, श्रीलंका, बर्मा, बौद्ध चारधाम लुम्बिनी, बुद्धगया, कुशीनगर, सारनाथ आदि ठाउँहरूमा घुमेर आएको कुरा रमाइलो किसिमले सुनाइराख्ने बाजे बरोबर हामीलाई भन्नुहुन्थ्यो- "यस संघाराम भिक्षु तालिम केन्द्रमा पनि १०५ जना भिक्षुहरूलाई राख्नुपर्छ । ६० फुटको भगवान् बुद्धको मूर्ति राख्नुपर्छ ।' तर अफशोच ! आज यो इच्छा पूर्ण गर्न नपाउँदै उहाँ संसारबाट बिदा लिइसकेका छन् ।

जीवनको अन्तिम समयमा आएर एक-दुई बर्ष अगाडिबाट बाजे केही दुर्बल भएको प्रत्यक्ष देखा पर्यो । उहाँ पहिलाझैं राम्ररी यताउता चहलपहल गर्न सकेनन् । कहिल्यै 'सन्चै छौं ?" भनी सोद्धा "के हो भन्ते, असन्चो भनेको नै के हो ? ....... सन्चो छैन भनेको त मैले लिएर आएको छैन" भनेर कहिल्यै नथाक्ने बाजेले अब आएर त्यसो भन्न सकेनन् । हुन त, कहिल्यै पनि त्यति सान्हो अस्वस्थ भनेको नहुने बाजे अब आएर अलि धेरै नै अस्वस्थ हुनुभयो । अनि ठूलो स्वरले कराउने, बिर्सने, जतातत्तै फोहर गरिदिने आदि व्यवहार देखा पर्‍यो । एकपल्ट त बाजे सिकिस्त नै भए । जीवनको समेत अत्तोपत्तो रहेन । अस्पतालमा भर्ना भयो । राम्ररी औषधिमूलो गर्‍यो । अन्ततः उहाँ विजयी भयो । सकुशल अस्पताबाट विहारमा फर्के । यो ४।५ महिना अघिमात्रकै कुरा थियो ।

एक महिना अघिमात्र २०५९ आश्विन १८ गते बाजेलाई उहाँकै छोरा संघदासले विराटनगरस्थित घरमा लगेको थियो । आज सोच्दै नसोचेसरि बाजे त्यहीं बित्नुभएको खबर सुन्नुपर्‍यो । बडो अफशोच भयो ।

मनमा दुःख पनि लाग्यो । यद्यपि अन्तिमशय्यामा बाजे होश राखेर "नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स" पढ्दै" बुद्धं शरणं गच्छामि" भन्दाभन्दै प्राण त्याग गरेको कुरा बाजेका छोराको मुखबाट सुन्नपाउँदा केही भएपनि मनमा सन्तोष लिने आधार प्राप्त भएको छ ।

सधैं हँसिलो देख्ने, ख्यालठट्टा पनि गरिराख्नु पर्ने बाजेले हामीलाई चीवर-वस्त्र लगाइराखेको कुरा राम्ररी सम्झेर काम - कर्त्तव्य गर्नुपर्ने कुरामा बारम्बार सजग-सचेत तुल्याउँथे । संघाराम भिक्षु तालिम केन्द्र निर्माणको लागि उहाँले कति अरूको गालि खाए, कति अरूबाट हातपात भएको सहे । अझ कहिले त काँडाले हिर्काउन आउँदा पनि सहेर बसेको कुरा बाजे हामीलाई सुनाउनु हुन्थ्यो । हामी सोध्थ्यौं- "किन, आखिर बाजेले किन उनीहरूलाई पनि गालि गरेर, धम्काएर कुटेर नभगाएको त ? किन सहिराखेको त ?" यस्तो बेला बाजेले सजिलै भन्थे- "मैले सहेको यो संघाराम भिक्षु तालिम केन्द्र बनाउनको लागि हो । यदि मैले उनीहरूलाई छोएं भने त उनीहरू मरिहाल्छ नि । अनि यो विहार कसरी बनाउन सकिन्छ त ?"

आफ्नो समयमा पहलवान भएर पनि बाजे सहनशील, धैर्यवान् थिए । समयानुकूल काम गर्न जान्दथे । विहार वरिपरिका मान्छेहरूले विहान गालि गरेर पिट्न आए पनि साँझ हुँदा उनीहरूलाई नै चिया-बिस्कुट ख्वाएर, फलफूल आदि बाँडेर ख्यालठट्टा गरिरहेको हुन्थे । उहाँको यो बानी देखेर उनीहरू पनि छक्कै पर्थे । यसरी असीम धैर्य, सहनशीलता, अदम्य साहस, मेहनत, परिश्रमले २०२९ सालदेखि सिंचेर २०३८ सालमा आएर यहाँ संघाराम भिक्षु तालिम केन्द्र स्थापना नै भयो । त्यसबेला रत्नमाया शाक्य (हाल अ. धर्मरक्षिता) र बाजे द्वारिकादास श्रेष्ठको प्रमुख दातात्वमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले पहिलोपल्ट १० जना बच्चाहरूलाई श्रामणेर प्रव्रज्या गराएर तालिम केन्द्र प्रारम्भ गर्नुभएको थियो ।

दि. श्रद्धेय भिक्षु सुदर्शन महास्थविरसंग पुस्तकहरू प्रकाशित गर्ने क्रममा मैले बरोबर भेट्ने गर्थें । कहिले छलफलको क्रममा बाजेको कुरा आयो भने उहाँ भन्ते घण्टौंसम्म पनि बाजेका विभिन्न योगदान तथा साहसका कुराहरू सुनाइरहन्थे । त्यतिबेला कुरालाई रोक्न पनि हम्मेहम्मे हुन्थ्यो । आफ्नो विषय छोडेर, कीर्तिपुरबाट फर्कन पनि ढिलो भएसरी उहाँ भन्तेले रमाइलो पाराले पुराना कुराहरू कोट्याइ-रहनुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो- नेपालको थेरवाद बुद्धशासन उन्नति-उत्थान गर्नमा ठूलो योगदान पुऱ्याउने उपासक, अदम्य साहस र श्रद्धा युक्त व्यक्ति एक शताब्दीको जिवन्त इतिहास बोकिराखेको उहाँ द्वारिकादास श्रेष्ठको कदरस्वरूप सानो एउटा अभिनन्दन मात्र भए पनि गर्न हतार भइसक्यो भनी कराइराख्दा पनि कसैले वास्ता नजनाएकोमा दुःख लाग्छ ।" स्मरणीयछ, वाजेलाई गएको २५४६ औं बुद्धजयन्तीमा मात्र ऐतिहासिक आनन्दकुटी विहारमा सम्माननीय प्रधानमन्त्री ... ... ... द्वारा अभिनन्दन गरेको थियो ।

दि. श्रद्धेय भिक्षु अमृतानन्द महानायक महास्थविरको उपदेशद्वारा प्रभावित भएर थेरवाद बुद्धशासनमा प्रवेश गरेको बताउने बाजे बुद्धशासनको निम्ति हात-खुटा चलाउन सकुञ्जेल तन,मन, धनले भरसक योगदान पुऱ्याउनु भयो । ऐतिहासिक किन्डोल विहारमा सीमित भन्तेहरू बसिराख्नुभएको बेलामा बर्षावासको लागि श्रद्धेय दि. भिक्षु धम्मालोक महास्थविर आनन्दकुटी विहार बनाइएको ठाउँमा आउनुभयो । त्यसबेला त्यो ठाउँ जंगलको रुपमा थियो । भन्नुपर्दा प्रेमी-प्रेमिकाहरू घुम्न आउने ठाउँ बनिरहेको थियो । त्यसबेला बाजेले उहाँ भन्तेलाई डराउनु पर्दैन, म छु, म हेर्छु भन्ने किसिमले ढाडस दिइरहे । उहाँ भन्ते बस्नको निम्ति सानो एउटा कुटी पनि बनाइदिए । त्यसबेला बाजेले त्यो ठाउँलाई विस्तार गर्दै सफा गर्दै लगे । उक्त ठाउँ जंगलभित्र ठूलो हुँदै गयो । तत्कालीन सरकारबाट केही समस्या आइपर्ला कि भनी भन्तेको मनमा ठूलो डर थियो । तसर्थ उहाँ भन्ते बाजेलाई कराइरहनु हुन्थ्यो- के तिमीले मलाई यहाँबाट निकाल्न लागेको हौ ? तर बाजे यदाकिञ्चित् त्रसित हुनु भएन । निडर, साहसी अनि पहलवान बाजेले निरन्तर आधार भरोसा दिएर आनन्दकुटी विहार निर्माणमा ठूलो योगदान पुऱ्याए ।

अमृतानन्द भन्तेलाई भेट्न त्रिभुवन सरकार बरोबर आनन्दकुटी विहारमा आउनुहुन्थ्यो । त्यस बेला बाजे सरकारमाथि केही आँच नआओस् भनेर अंग रक्षकका रुपमा खट्दथे । सरकारसँग पनि उहाँको सम्बन्ध थियो । एकपल्ट अमृतानन्द भन्तेको उपदेशबाट साह्रै प्रभावित भएर राजा त्रिभुवनले जे-जस्तो सहयोग दिन पनि दृढ रहेको जनाउनु भयो । त्यसबेला बाजेले नै भन्तेलाई कुरा सिकाउनु भई सरकारबाट तत्कालीन समयमा पनि लाखौं रुपियाँ सहयोग पाएको कुरा बाजे बरोबर हामीलाई सुनाउने गर्थे ।

स्वयम्भूस्थित आनन्दकुटी विद्यापीठ निर्माण कार्यमा पनि ठूलो योगदान पुऱ्याउनुहुने बाजेले स्वयम्भूको स्वयम्भू ज्ञानमाला भजनको भवन बनाउनमा पनि ठूलो भूमिका खेलेको कुरा उहाँकै दीर्घकालीन धर्ममित्र अ. धर्मरक्षिता अद्यावधिसम्म सम्झाउने गर्नुहुन्छ । एकपल्ट नेपालभाषाबाट सामूहिकरूपमा ज्ञानमाला भजन गरिरहेको बेलामा राणा सरकारले उनीहरूलाई समातेर लगेको थियो । तब बाजे सोझै राणा सरकार समक्ष हाजिर भएर आफ्नो मातृभाषाबाट धर्मको गीत गाएकोमा के गल्ति भयो र भन्ने किसिमले सम्झाउन पुगेको थियो । बाजेको कुरा सुनेर तत्कालीन राणा प्रधानमन्त्रीले हुकुम गरेका थिए- मातृभाषाबाट धर्मको गीत गाउनु त राम्रै हो । यसमा कसैको पनि दोष छैन । यसरी सबैलाई छोडियो । पछि १५ वटा जति ज्ञानमालाका पुस्तकहरू बिर्सेकोले त्यो पनि बाजेले मागेर फिर्ता लिइआएको कुरा आज हामीलाई इतिहाससरि भइसकेको छ ।

नेपाल अधिराज्यमा थेरवाद बुद्धशासनको प्रचार-प्रसार देशभित्र र देशबाहिर रहेर सक्रियरूपमा गरिरहेका समर्पित बौद्ध अनुयायी भिक्षुहरूलाई बाजेले आफ्नो स्थानमा बसेर ठूलो सहयोग पुऱ्याउनु भयो । निडर, साहसी, श्रद्धावान् उपासकको रूपमा बुद्धको जन्मभूमि नेपालमा बुद्धशिक्षाको उन्नत-उत्थान गर्नमा ठूलो टेवा दिएर सेवा गर्नुहुने बाजे थेरवाद बुद्धशासनको एक बलियो स्तम्भ नै थिए- द्वारिका दास श्रेष्ठ बाजे ।

अनन्त धार्मिक गुण भएका, बुद्धशासनिक कार्यमा तन, मन, धनले लागिपरेका उहाँ द्वारिकादास बाजे आज हामी सामु रहनु भएन । हामी उहाँका अनन्त गुणानुस्मरण गर्दै अरु केही गर्न नसकेतापनि बुद्ध, धर्म र संघको शुभाशिर्वादद्वारा सुगति तथा निर्वाण प्राप्तिको कामना गर्दै अन्तर्हृदयले हामी श्रद्धाञ्जलि व्यक्त गर्दछौं- उहाँ प्रति ।

**वर्तमान नेपालमा बुद्धशासनलाई माथि उकास्न**
**तन मन धनले समर्पित**
**नेपालको पहिलो भिक्षु तालिम केन्द्र संघ-आराम**
**स्थापना गर्नमा मूल दाता**
**अदम्य साहस भएका ऐतिहासिक व्यक्तित्व**
**द्वारिकादास श्रेष्ठ प्रति**
**अन्तश्चेतनाले सश्रद्धभावद्वारा व्यक्त गर्दछौं हामी**
**श्रद्धाञ्जलि ! श्रद्धाञ्जलि !!**

■

# धर्म

✍ **माधवी गुरुमां**

धर्म यो थन जित:
छलकपट भयो जित:
धर्म मने सुख बी भीत
अधर्म मने दु:ख बी भीत
तर पाप खना: मग्या: पापीतय्
उकें अधर्म कमय् याई पापीतय्
शुद्ध चित्त यो जित:
पापी चित्त मयो जित:
द्यो पूजा याय्गु धर्म मयो ।
कर्त्तव्य पूरा याय्गु धर्म यो ।
देखावती धर्म मयो जित:
सत्यधर्म जक यो जित: ।

# बुद्ध र उपदेश

✍ **सावित्री महर्जन**
कक्षा: ३, संघाराम बौ.प.शि.के

ब्रह्मा, देव मनुष्य सबै पुज्छन् तिमीलाई
सुखी हुन आनन्दित रहन निर्वाण पुग्नलाई
गुप्तपाप रहित राग, द्वेषादि शुत्र नाश गराई
भाँचिदियौ यो संसारचक्रको आढलाई ॥

बिद्या र आचरणले सम्पन्न भई
मृत्युरहित निर्वाणमा पुग्नुभयो ।
ब्रह्मा, देव मनुष्यका गुरु रही
मुक्तिमार्गका पथप्रदर्शक रहनुभयो ॥

अनन्त अनन्त गुणले युक्त हुनुभएका
महामानव, महाकरुणावान् बुद्ध तिमी नै हौ ।
सकल प्राणीमा मैत्री करुणा चित्त राख्नु भएका
ज्ञानरुपी नेत्र खुलाउने तिमी नै हौ ।

चार आर्य सत्यको मर्म बुझ्दै बुझाउँदै
दु:खमुक्त निर्वाणको बाटो देखाउनु छ ।
विश्वको कुनाकाप्चामा शान्तिको ध्वनी छर्दै
तिम्रो उपदेशको अनुशरण सदा गर्नुछ ।

# शिवपुरीको फेदीमा प्राचीन ऋषिमुनिको दिनचर्याको झझल्को

✍ भीमसेन सापकोटा

बिहानीको गाढा मिर्मिरेसँगै जब शिवपुरी जंगलको फेदीमा एउटा तीक्ष्ण घण्टी प्रतिध्वनित हुन्छ, तब सयौंको मौन मानवहुल एउटा भव्य र अँध्यारो हलभित्र लक्षित बन्छ ।

आपसमा परिचय तर बोलचाल छैन, मनमा सुख दुःखका अनुभूति छन् तर कुनै पनि प्रकारको विचार विनिमय छैन, सबै आ-आफ्नो धुनमा छन् । न कोही दुःखीत न त चिन्तित नै, सयौं स्तब्ध नर-नारीको दिनचर्याले यसरी नै निरन्तरता पाइरहेछ एउटा सानो संसार त्यो तपोभूमिमा ।

काठमाडौंको मध्य शहरबाट आधा घण्टाकै बस यात्रामा पुग्न सकिने, शिवपुरी वन्यजन्तु आरक्षको द्वार सँगै जोडिएको त्यो ऊर्वर तपोभूमिमा मानव दिनचर्या १४ वर्षअघिदेखि नै ठीक यसरी दोहोरिरहेको छ जसरी कि प्राचीन ऋषिमुनिहरूले बिताउने गर्थे ।

जीवन र यथार्थको पहिचानका लागि मनलाई एकाग्र बनाई कठोर ध्यानद्वारा प्रयोगात्मक अभ्यास गराइने नेपाल विपश्यना ध्यान केन्द्र, धर्मश्रृंग नामक चौघेराभित्रको त्यो सानो संसारमा यसपालिको दशैंमा पनि साधक-साधिकाले सोही दिनचर्यालाई दोहोऱ्याए ।

अमेरिका, अस्ट्रेलिया, भारत, तथा नेपालमा अधिराज्यका विभिन्न भागबाट तपस्याका लागि त्यहाँ ओइरिएका जनमानसको भीड हेर्दा लाग्थ्यो हिन्दूहरूको महान् चाड दशैं पनि विपश्यना ध्यानका अगाडि गौण हो ।

यसो त, दशैं नहुँदा पनि हरेक महिनाको दुई पटक दश-दश दिन सञ्चालन गरिने उक्त ध्यान केन्द्रमा हरेक पटक खचाखच हुने गर्दछ । साधक-साधिका नपाइने हैन बरु आवेदकहरूको बढ्दो चापका कारण दुई महिनासम्म पालो कुर्नुपर्ने अवस्था रहेको केन्द्रका आचार्य मदन तुलाधर बताउनुहुन्छ ।

प्राचीनकालका ऋषिहरूले वर्षौंको तपश्यापश्चात् अनुसन्धान गरेका जीवन जिउने कलासम्बन्धी विधालाई आज पनि निरन्तरता दिन यस केन्द्रले योगदान पुऱ्याएको अनुभवीहरूको अभिव्यक्ति पाइन्छ ।

'दशै दिनको ध्यानबाट आफ्नो मन र इन्द्रियहरूलाई वसमा राख्न सफल भएको दाबी गर्ने साधक रुपेन्द्र महर्जन र वास्तविक जीवनको आनन्दमा पुगेको बताउने अस्ट्रेलियाबाट आएका साधक 'करुणा' देखि राम्रो विद्या भैकन पनि अझै खानपानको शिक्षा छुटेको भनेर आलोचना गर्ने साधक हरि सिंह डंगोलसम्मको अभिव्यक्तिले पनि विपश्यना ध्यान आफैमा महत्त्वपूर्ण भएको स्पष्ट हुन्छ ।

भारतीय मूलका बर्मेली आचार्य सत्यनारायण गोयन्काको जीवन र सत्यको पहिचान सम्बन्धी दैनिक प्रवचन हुने उक्त ध्यान केन्द्र स्थापनाको पहल सन् १९८४ मा साधकद्वय यदुकुमार सिद्धि र मणिहर्ष ज्योतिले गर्नुभएको थियो ।

नजिकै जोडिएको शिवपुरी सैनिक शिविरमा बन्दुक पड्किएको शान्ति विरोधी आवाजमुनि पनि निरन्तर शान्तिको खोजीमा तल्लीन हुने यस तपोभूमिमा आजसम्म हजारौं नेता, इन्जिनियर, डाक्टर, प्रोफेसर, वकिलदेखि सामान्य वर्गले समेत सत्य पहिचानको अभ्यास गरिसकेका छन् ।

मन्त्री र सांसद बन्नुअघि एक पटक सबैलाई यो केन्द्रमा लानुपर्ने अनिवार्य व्यवस्था मिलाउन मुलुकमा शान्ति मात्र नभई विद्यमान समस्या सहजै निर्मूल हुने बताउँछन् अर्का पुराना साधक भीम लामा ।

२५ सय वर्षअगाडि सिद्धार्थ गौतमले यसै विद्याद्वारा बुद्धत्व प्राप्त गरेकोले यो विद्या लोप हुन नदिन हाल नेपालमा मात्र नभई भारत, अमेरिका, वर्मा तथा विश्वका अन्य मुलुकमा समेत यस्ता ध्यानकेन्द्र सञ्चालन भइरहेको पाइन्छ ।

धरान, नारायणगढ, लुम्बिनी, वीरगञ्ज, इटहरीलगायतका स्थलहरूमा समेत शाखा विस्तार भएको यस विपश्यना ध्यानलाई जो जसले जसरी मूल्यांकन गरे पनि यसबाट विभिन्न रोगहरू दूर हुने मात्र नभई सम्पूर्ण दुःखबाट छुटकारा हुने र सच्चा धर्ममार्गको उदय हुने हुँदा यो सर्वलोक कल्याणकारी भएको केन्द्रका आचार्य तथा राष्ट्रिय सभाका सांसद डा. रुप ज्योतिको भनाइ छ ।

श्वासप्रश्वासको माध्यमबाट मनलाई एकाग्र बनाई शरीरका हर संवेदनामा हिंडाउने अनि ती संवेदनामा क्षमताभाव जगाई जीवनमा आइपर्ने प्रतिकूल तथा अनुकूल अवस्थामा तटस्थ रहन सिकाउने एवम् पञ्चशील तथा अष्टशीलको कडा नियममा बाँध्ने यो ध्यान विद्या आजको असहिष्णु, दुःखी, विभेदपूर्ण र अशान्तिपूर्ण दुनियामा अचुक औषधि हुने डा. ज्योतिको धारणा छ ।

स्वास्थ्य र अनुशासनका दृष्टिमा पनि ध्यान गर्नु उपयोगी कला भएको आसय तपस्वी तथा चिकित्सक डा. अरुण सायमीको छ । *(साभार: समाचारपत्र)*

# मूर्खको लक्षण

भिक्षु अश्वघोष

संसारमा धेरै प्रकारका मानिसहरू छन् । तीमध्ये धेरैजसो अज्ञानीहरू छन् । अज्ञानीहरूलाई कहाँ कस्तो काम गर्नुपर्छ, कस्तो कुरा गर्नुपर्छ, सभा समारोह भइरहेको ठाउमा कहाँ बस्नुपर्छ भन्ने थाहा हुँदैन ।

यहाँ म लेख्न लागेको गौतम बुद्धले व्याख्या गर्नुभएको मूर्खको लक्षणको बारेमा हो । बुद्धबचनअनुसार मूर्खको लक्षण तीनवटा छन्:

१. मूर्खले जहिले चिन्तन गरे पनि नराम्रो कुरा मात्र सोचिरहन्छ ।
२. मूर्खले जहिले कुरा गरेपनि नराम्रो पक्षमात्र लिएर कुरा गर्छ ।
३. मूर्खले काम गर्दा पनि आफू र अरुलाई अहित हुने काम मात्र गर्छ ।

धर्मग्रन्थमा यसरी पनि मूर्खको बारेमा उल्लेख गरेको पाइन्छ । जुन व्यक्तिलाई केही कार्यभार दिइएको छ, त्यो कार्य गर्दैन, न भनेको काम गर्दछ त्यो मूर्ख हो । पापलाई धर्म सम्झिन्छ र धर्मलाई पाप कर्म ठान्दछ, त्यो पनि मूर्ख हो । धेरैजसो बाधा उत्पन्न हुने मूर्खको तर्फबाट हो, अर्थात् मूर्खताको कारणले हो । बुद्धिमानको तर्फबाट विघ्नबाधा हुँदैन । त्यसैले बुद्धले भन्नुभएको थियो- योग्य साथी नभए एक्लै बस्न जाति छ । मूर्खको संगत गर्नु हुन्न । आफू अहंकारी मूर्ख भइकन पनि पण्डित हुँ भन्नेलाई मूर्ख भन्दछन् । आफ्नो मूर्खतालाई चिन्नसक्ने मानिस नै पण्डित कहलाइन्छ ।

दारुले गर्दा तरकारीको स्वाद थाहा नभएझैं मूर्खजनले पनि जीवनभर पण्डितको संगत गरे तापनि धर्मको मर्म बुझ्न सक्दैन ।

जिब्रोले तरकारीको स्वाद पाएझैं बुद्धि भएको मानिसले एक क्षण मात्र भए पनि पण्डितहरूको संगत पायो भने ज्ञानको रस बुझिहाल्छ । मूर्खको संगतमा परेको खण्डमा विद्वानको गति पनि नराम्रो हुने गर्छ ।

अजात शत्रु राजकुमार बुद्धि भएको र पुण्य संस्कार भएका थिए, तर दुष्ट, महत्वाकांक्षी भिक्षु देवदत्तको संगतमा परेर आफ्नै बुबा विम्बिसार राजालाई मारेर सिंहासनमा बसे । उनले महान् पाप कर्म गरे ।

अब जाउँ चिन्तन गर्ने नराम्रो कुरा के के हुन् भन्नेतिर । मूर्खले सोचिरहने तीन कुरा छन् । यी हुन्–

१. दृढ लोभ, महत्वाकांक्षा, दृढलोभी मानिसले अर्काको धन सम्पत्ति आफ्नो हात पार्न प्रयास गर्छ । लुटेर लिन्छ, अर्काको सम्पत्ति प्राप्त गर्न जे पनि गर्न तयार हुन्छ । आजभोलि दिनदहाडै छुरा हानेर लाखौं रुपियाँ र गहना छिरेर लिने गर्छन् । कसरी अर्काको धन र पद आफ्नो हात पार्ने भनी सोचिरहन्छन्, चिन्तन गर्दछन् । आफूसँग जति छ त्यसैले सन्तुष्ट हुनु राम्रो हुन्छ ।

२. दोस्रो चिन्तन हो- क्रोध, इवी, डाह र बदला लिने भावना । इर्ष्याले गर्दा अरु उन्नतिपथमा पुगेको देखेर सहन नसक्ने हुन्छ । कसरी उसको खुट्टा तानेर तल खसाल्ने भन्ने चिन्तन गर्दछ । यसको ठीक विपरीत सज्जनले मैत्रीचित्त राखी कसैप्रति इर्ष्या गर्दैन । अरुको उन्नति भएको देखेर प्रसन्न हुनसके शान्ति हुन्छ ।

३. तेस्रो मूर्खले चिन्तन गर्ने कुरा हो- गलत तरिकाले सोच्ने । अरुको कुभलो हुने काम गर्दा धर्म हुँदैन । पाप र धर्मको फल भोग्नु पर्छ भन्ने मूर्खलाई थाहा हुँदैन । भ्रष्टाचारी, पदलोलुप हुँदा धेरै बदनाम हुन्छ, बेइज्जत हुन्छ । विश्वासी बन्न सक्दिैन । धेरै नै नराम्रो फल भोग्नुपर्छ । यो सबै हुने दृष्टि ठीक नभएकोले हो । दृष्टि सोझो भएको खण्डमा गलत तरिकाले चिन्तन गर्दैन ।

मूर्खको लक्षण, बुझाउन बुद्धकालीन एउटा घटना प्रस्तुत गर्छु । एकदिन बाबुछोरा दुवै मिली जंगलमा दाउरा काट्न गएछन् । दाउरा चिर्दा थाकेका बाबुचाहिं त्यहीं भुसुक्कै निदाएछ । यतिखेर एउटा लामखुट्टे बाबुको टाउकोमा टोक्दै रगत चुस्दै गरेको छोराले देखेछ । अनि त उ रिसले चूर भएर ओहो मेरो बाबुलाई टोक्ने तँ, तँलाई त म कहाँ त्यसै छोड्छु र भन्दै बन्चरोले हानेछ । अनि त लामखुट्टे दुई टुक्रा नभएर बाबुचाहिं दुई टुक्रा भएछ ।यसै घटनालाई लिएर नै बुद्धले मूर्ख भिक्षुभन्दा विद्वान् शत्रु धेरै राम्रो भनी औंल्याउनुभएको थियो ।

धम्मपदमा मूर्खबारे उल्लेख भएको छ- खराब विचार हुने भिक्षुले यस्तो इच्छा गर्दछ- भिक्षु गणमा माथि बसुँ, मठ र विहारको अधिपति होउँ अर्काको घरमा पुजित सम्मान होऊँ सबै आफूले भनेझैं होस्- यस्ता संकल्प गर्ने भिक्षुको मनमा तृष्णाको अभिमान बढ्दै जान्छ । ■

# फेरि अर्को दूराशययुक्त अभियान या बसी बियालो ?

✍ युवराज घिमिरे

इतिहास तथा पुरातत्व गहन अनुसन्धान र समीक्षाका विषय हुन् । बर्षौं लगाएर अनुसन्धानकर्ताहरूले लुकेका सभ्यता, संस्कृति, इतिहास तथा पुरातात्विक महत्त्वका विषयहरूलाई सार्वजनिक गरेका अनेक उदाहरणहरू छन् । प्राचीन ग्रीक, मोहनजोडेदो, मेसोपोटामिया आदि सभ्यताहरूको विरासतका रुपमा आज पनि इतिहास र पुरातत्व हाम्रो सामु छ । त्यसको संरक्षण र सम्बर्द्धन हरेक समाज र राष्ट्रको त दायित्व हो नै, त्यसमा कुनै विकृति आउन नदिनु पनि सामूहिक प्रतिबद्धता हुनुपर्दछ भन्ने मान्यता छ अहिले विश्वमा अकाट्य प्रामाणिकताका आधारमा केही संरचना तथा ठाउँहरूलाई संयुक्त राष्ट्रसंघको युनेस्कोले विश्व सम्पदा घोषित गर्ने गर्दछ । विभिन्न राष्ट्रका त्यस्ता स्थलहरूमध्ये नेपालको लुम्बिनी पनि छ ।

भगवान गौतम बुद्धको जन्मस्थान लुम्बिनी समस्त नेपालीहरूको आस्था र आदरको थलो रहिआएको छ भने विश्वका बुद्धमार्गी तथा शान्ति प्रेमीहरूका लागि पनि त्यसको आफ्नै महत्त्व छ । वर्षौको पुरातात्विक अन्वेषण र प्राप्त प्रमाणका आधारमा विश्व समुदायले लुम्बिनीलाई बुद्ध जन्मथलोका रूपमा स्वीकारेको हो । स्थानको महत्त्वअनुसार त्यसको संरक्षण र सम्बर्द्धनका लागि लुम्बिनी विकासको अवधारणालाई मुलुकभित्र तथा बाहिरबाट नैतिक तथा भौतिक सहायताहरू प्राप्त भएका छन् । जनरल उथान्तले एकजना बौद्धमार्गी तथा संयुक्त राष्ट्रसंघका महासचिवका रूपमा त्यस क्षेत्रको विकास र सम्बर्द्धनमा स्वयं सहभागी भएका थिए वर्षौंपूर्व । लुम्बिनीप्रति अन्तर्राष्ट्रिय दृष्टिकोण र श्रद्धा अझै बढ्दो छ ।

तर, समानान्तर रूपमा केही परिस्थिति र अभियान पनि जारी छन् विश्वका विभिन्न मुलुकमा जसले प्रमाणिक आधारसहितका इतिहास र पुरातत्वलाई चुनौती दिएका छन् । हाम्रै छिमेकी भारतमा वर्तमान सरकारद्वारा प्रेरित र प्रोत्साहित इतिहास लेखन अभियानले भारतको बहुसंख्यक धर्म निरपेक्ष जनता तथा इतिसहासमा खास चासो राख्ने प्राज्ञिक गणलाई निराश त तुल्याएकै छ, उनीहरूमध्ये केहीले राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चबाट पनि यस्तो अभियानको विरोध सुरु गरेका छन् ।

पुरातत्व र ऐतिहासिक प्रमाणलाई पुन:परिभाषित गर्नुको पछाडि एउटा संगठित राजनीतिक र साम्प्रदायिक मनसाय छ भन्ने मान्यता छ ती विरोधकर्ताहरूको । यस्तो अभियान अक्सर अल्पसंख्यक तथा पुस्तौं पहिले पुर्खाहरूको बसाइँ सराइपछि मुलुकको मूलधारमा समाहित नागरिकहरूविरुद्ध लक्षित रहेको अनुभव पनि कैयौं मुलुकमा छ । भारतमा विगत २० वर्षदेखि गाइँगुइँ सुनिँदै आएको तर एउटा उग्र आन्दोलनको स्वरूप लिएको अभियानस्वरूप भारतको पुरातत्व विभागले प्राचीन स्मारकका रूपमा मान्यता दिएको बाबरी मस्जिदलाई सन् १९९२ मा अतिवादी हिन्दूहरूले ध्वस्त पारेका थिए । उनीहरूको मान्यताअनुसार रामजन्मभूमिमा अवस्थित मन्दिरलाई भत्काएर बाबरले उक्त मस्जिद बनाएका थिए । त्यस अभियानका सञ्चालकहरूले भारतमा हाल रहेका ३ हजार मस्जिद, गीर्जाघर र गुम्बाहरू पनि प्राचीन मन्दिरको ठाउँमा बनाइएको दाबी गर्दै त्यहाँ पुन: मन्दिर स्थापना हुन सक्ने चेतावनी दिएका छन् । ती अभियानकर्ताहरू भारतमा कैयौं पुस्तासम्म बसोबास गरेका मुसलमानलाई भारतीय मान्न पनि तयार देखिँदैनन् । विहारको गयास्थित भगवान बुद्धलाई ज्ञान प्राप्त भएको पीपल वृक्ष नजिकैको महाबोधी मन्दिर पनि हिन्दू र बुद्धहरूको बीचको खिचलोमा परेको छ । नेपालमा हिन्दू र बुद्धहरूको समान आदर तथा आस्था हासिल गर्दै आएको लुम्बिनीबारे पनि विश्व हिन्दू परिषद्को निर्देशन तथा बृहत् योजनाअन्तर्गत त्यस्तै विवाद खडा गर्ने कोसिस भएको थियो दुई वर्ष पहिले । हिन्दू-बुद्ध एकताको नाममा छद्म मनशायका साथ गरिन लागेको उक्त अभियानको थालनी भने स्थानीय विनासी तथा प्रबुद्ध नेपाली हिन्दू तथा बुद्ध धर्मावलम्बी र बौद्धिक समुदायको विरोधका कारण असफल भएको थियो । हिन्दू-बौद्ध एकता नेपालको मौलिक विशेषता हो । त्यसैले उनीहरूको बीचमा विवाद उत्पन्न गराई अन्तत: महाबोधीमाथि हिन्दूहरूको एकलौटी प्रयासको अभियान लुम्बिनीसम्म बढाउने अभियान सफल हुन सकेन ।

तर, सहिष्णुता र अन्य धर्मलाई आदर गर्नु आफ्नो

हार मान्ने कुनै पनि धर्मको नाममा खोलिँदै आएको कट्टरपन्थी मान्यता नै हुन्छ । यदि अन्य कुनै धर्म या सम्प्रदायले त्यस्तो कट्टरपन्थी प्रयासमा व्यवधान उत्पन्न गरेमा संगठित अभियानले अरू तीव्र र हिंसात्मक उपायहरूको खोजी र कार्यान्वयन गर्दछन् । तर, त्यसलाई निर्देशित गर्न पहिला तथ्य र आधारहीन नै भए पनि विचार प्रस्तुत गरिन्छ । कट्टरपनमा अन्ध समर्थन हुने हुँदा त्यो विचारलाई प्रामाणिकताका साथ खण्डन गर्ने व्यक्तिहरू हिंसा तथा अन्य अनर्गल प्रचारका शिकार समेत हुने गर्छन् ।

हालै एकजना भारतीय पुरातत्वविद्ले उडिसाको राजधानी भुवेनश्वर नजिकैको कपिलेश्वर गाउँ नै प्राचीन लुम्बिनी तथा भगवान बुद्धको जन्मथलो भएको दाबी गरेका छन् । ती व्यक्ति हिन्दू अतिवादी समूहसँग जोडिएको कुनै प्रमाण छैन । तर, अब उनको निष्कर्षप्रति विश्व हिन्दू परिषद् तथा नेपालस्थित उसका समर्थकहरूले कसरी प्रतिक्रिया व्यक्त गर्नेछन् त्यो हेर्नु आवश्यक छ । इतिहास र पुरातात्विक महत्त्वको शोधमा विकृति ल्याउने मान्यताले निश्चय पनि कहींबाट प्रोत्साहन पाउनु हुँदैन ।

विश्व सम्प्रदायमा परेको लुम्बिनीले भारतको पुरातत्व विभागबाट समेत गौतम बुद्धको जन्मथलोको रूपमा मान्यता हासिल गरिसकेको छ । उडिसाको अहिलेको जस्तो निष्कर्षले अनावश्यक प्रोत्साहन र संरक्षण नपाओस् भनी सुनिश्चित गर्न भारतको पुरातत्व विभागले विशेष भूमिका खेल्नु आवश्यक छ । लुम्बिनी केवल व्यक्तिहरूको आस्थाका कारण मात्र बुद्ध जन्मस्थल मानिएको होइन, पुरातात्विक प्रमाणहरूले त्यसको पुष्टि गरेको हो ।

त्यसैले उडिसाको कथित निष्कर्षप्रति नेपालमा स्वाभाविक रोष प्रकट भएको हो । भारतको विश्व हिन्दू परिषद् या ऊसँग सम्बद्ध अन्य संगठनहरूले समेत त्यो 'निष्कर्ष' प्रति आफ्नो प्रतिक्रिया जनाउनु आवश्यक देखिन्छ । उसको भ्रातृ संगठन राष्ट्रिय स्वयंसेवक संगठनको हस्तक्षेपमा भारतमा जारी इतिहास पुनर्लेखन तथा पुरातात्विक अनुसन्धान कार्य अनेकौं मस्जिद, गुम्बा र गीर्जाघरलाई मन्दिरमा परिणत गर्ने प्रायोजित अभियानको हिस्सा हो भन्ने मान्यता राख्ने व्यक्तिहरू संघभित्र नै पनि छन् । यस्तै हस्तक्षेपको विरोधमा भारतीय इतिहास परिषद्का अध्यक्षले केही महिनाअधि राजीनामासमेत दिएका थिए ।

भारतीय मन्त्रिमण्डलका एकजना वरिष्ठ सदस्यले केही वर्षअघि चुनावमा आदिवासीहरूलाई आफ्नो पार्टी (भारतीय जनता पार्टी) प्रति आकर्षित गर्न वास्तविक 'अयोध्या' विहारको राँची नजिक भएको दाबी गरेका थिए । उक्त कथनको स्वाभाविक मृत्यु भयो, तर क्षणिक राजनीतिक स्वार्थका लागि राजनीतिज्ञहरू कुन हदसम्म जान सक्छन् भन्ने प्रमाण थियो त्यो ।

निश्चय पनि लुम्बिनीको धार्मिक, आध्यात्मिक तथा पुरातात्विक मान्यता नहल्लिने गरी स्थापित छ, तैपनि नेपालमा उडिसाको कथित शोध निष्कर्षपछि देखा परेको तीव्र विरोध अस्वाभाविक होइन ।

प्रश्न गौतम बुद्ध नेपालका मात्र हुन् भन्ने होइन । बुद्धको व्यक्तित्व र उनको दर्शनको आयाम नेपालको राजनीतिक र भौगोलिक सीमा बाहिर फैलिएको छ । भारतको सारनाथ, कुशीनगर तथा बोध गयाले समानरूपमा बुद्धसँग आफ्नो हार्दिक निकटता र आत्मीयताको प्रमाण प्रस्तुत गर्दै आएका छन् । विगत वर्षहरूमा भएका अनुसन्धानले यी क्षेत्रहरूसँग बुद्धको सम्बन्धलाई अरू थप पुष्टि प्रदान गरेको छ । उडिसाको अनुसन्धानले वास्तविकता परिवर्तन गर्न सक्तैन । तर, भारतमा अहिले देखा परेको प्रवृत्ति या अभियानसँग उडिसाको निष्कर्ष जोडिएको छैन भन्ने आश्वासन आउनु जरुरी छ ।

*(साभार: कान्तिपुर दैनिक)*

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ३८४

**श्री न्हूछे रत्न तुलाधर**

महाराजगञ्ज, सल्लाघारी

वडा नं. ३, काठमाडौं

रु. १०००/-

**ध्यानकुटी बाल आश्रमलाई सहयोग**

(१) स्व. पूर्ण चन्द्र शाक्यको पुण्य स्मृतिमा
जुजुकाजी शाक्य, बनेपा रु. २५००/-

(२) तीर्थदेव मानन्धर, वृद्धाश्रम रु. २००/-

(३) भिक्षु वरसम्बोधी, थिमी रु. १०५/-

# बौद्ध झण्डा

*आयोजक-*

सहभागीहरूको संख्या कम भएपनि समयमा नै छलफल कार्यक्रम शुरु गरौं न हुन्न र ?

*सहभागी-*

हुन्छ नि सकेसम्म हामीले समयमा नै कार्यक्रम शुरु गर्ने बानी बसाल्नुपर्छ । आज त मैले बुद्ध झण्डाको विषयमा जिज्ञासा लिएर आएको छु । पाँचरंगी बौद्ध झण्डाको अर्थ के रहेछ ? यस बिषयमा जान्न पाए हुन्थ्यो ।

*आयोजक-*

हुन्छ नि । हाम्रो छलफल कार्यक्रमको उद्देश्य नै सहभागीहरूको जिज्ञासा र शंका निवारण गर्नु हो । खासगरी बौद्ध झण्डा बनाउने व्यक्तिहरूलाई बौद्ध झण्डा कुन रंगबाट शुरु गर्ने भन्ने पनि थाहा छैन । तिनीहरूले रंगको सही अर्थ पनि बुझेका छैनन् ।

कृष्ण कुमार प्रजापती नगदेशले लेख्नु भएको बौद्ध झण्डा - एक गरिमामयी प्रतिक नाम गरेको पुस्तकको आधारमा बौद्ध झण्डाको परिचय यहाँ उल्लेख गर्दैछु । राम्ररी सुन्नु होस् ।

१. **नीलो रंग** - बुद्धको केश आकाश रङ्ग, स्वच्छताको प्रतीक ।

२. **पहेंलो रंग** - बुद्धको चीवर वस्त्र त्याग मैत्री एवं करुणाको प्रतीक ।

३. **रातो रंग** - बुद्धको रगत एवं दार्शनिक र वैचारिक क्रान्तिको प्रतिक ।

४. **सेतो संग** - बुद्धको दाँत एवं पवित्रताको प्रतीक (शान्ति) ।

५. **कलेजी रंग**- बुद्धको हृदय मध्यस्थताको (मध्यम मार्गको) प्रतीक ।

पाली भाषामा- नील, पीत, लोहित, ओदात, मंजेट्ठ ।

वास्तवमा बौद्ध झण्डा सर्वप्रथम सन् १८८५ मा अमेरीकाको हेनरी स्टील ओल्कटले बनाएको थियो ।

*नयाँ सहभागी-*

हालसालै सुमंगल विहार र संखमूल ध्यान केन्द्रमा वर्माबाट आउनु भएका त्रिपिटकधर भिक्षु सुमंगलालंकार महास्थविरले कथिन आनिसंसबारेमा धर्म उपदेश दिनुहुँदै कथिन चीवर प्राप्त गर्ने भिक्षुले गल्ति गरेपनि गल्तिबाट मुक्त हुन्छ भन्नुभएको थियो । उहाँले भन्नुभएको यस कुरोलाई मैले राम्ररी बुझ्न सकिन । के गौतम बुद्धले पनि यस्तो नै भन्नु भएको होला ?

*आयोजक-*

हामीलाई यस विषयमा राम्रो जानकारी छैन । यो त भिक्षुहरूको नियम सम्बन्धी कुरो भयो । विनय पिटकमा उल्लेख भएको कुरो होला यो । त्यसैले यस विषयमा तपाइँले भिक्षुसंघ समक्ष गई सोध्नुभए बेश हुन्छ । हाम्रो ज्ञान क्षमता बाहिरको विषय हुनपुग्यो यो ।

*अर्का सहभागी-*

विजया दशमी र बुद्धधर्म बिच कुनै सम्बन्ध रहेको छ ?

*आयोजक-*

विजया दशमीकै दिनमा सम्राट अशोकले कलिंग युद्ध देखि विरक्त भई शस्त्र युद्ध त्याग गरी धर्म युद्ध द्वारा विश्व विजय गर्न खोजेको थियो । यसरी बुद्ध शिक्षाले प्रभावित भई बुद्ध शिक्षालाई आचरणमा ढाल्ने कार्य शुरु गरेको दिन भएको कारणले पनि विजया दशमी र बौद्धहरू विच महत्त्वपूर्ण सम्बन्ध रहेको देखिन्छ ।

*आयोजक-*

लौत सहभागीहरूको कमीले गर्दा आजको यस छलफल कार्यक्रम यहिं टुंग्याउनु पर्ला जस्तो लाग्यो । उ.....तीन चार जना सहभागीहरू आइपुग्नु नै भयो नि । आज किन ढीलो आइपुग्नु भएको तपाइँहरू ?

*सहभागीहरू-*

बेमौसमको वर्षा र मोटर जाम भएको कारणले आज हामी ढीलो आइपुग्न बाध्य भयौं । माफ गर्नुस् । ठीक समयमा कार्यक्रममा भाग लिन नपाए पनि साथीभाईहरू र यहाँहरू सबैसँग एक छिन मात्र भएपनि भेटघाट गर्न पाएकोले खुशी हुँदै आजको लागि यहाँहरू समक्ष बिदा माग्छौं ।

फेरि भेटौंला !

# स्व. पवित्रबहादुर (राजभाई) वज्राचार्य

✍ न्हुछेबहादुर वज्राचार्य

*मैत्री विद्यालय, छाउनी, कान्तिपुर*

**जि योम्ह राजभाई !**

उखुन्हु मंसीर १ गते किजापूजा याक:वनाबले नापलाम्ह । नापं चोना किजापूजा याकागुली बाँलाक खँल्हाना ततापिनि जयज्वीमा, सदाँ म्हँफयेमा धका सुख दु:खयागु खँल्हानाम्ह जि योम्ह राजभाई नं बाछि लिपा तोतावनि धका मतिहे मदु । अपाय्सकं याकनं वनि धका मति भ्या हे मदु जिके । अपाय्सकं समाजे धर्मे दत्तचित्त बिया सेवायाना ज्वीम्ह राजभाई आ: झीगु पुचले मन्त । आ: झी हाला चोनां छुयाय्, वनिम्ह वने धुंकल । हालां जक ज्या वैमखु । ज्या हे वेकेगुसा जि योम्ह राजभाईयागु बाँलागु, धर्म कर्मे लोगु, समाजे बाँमलागु, धर्मे मलोगु थजागु चाल चलन मदेकेगु राजभाईयागु दत्तचित्तयात झीसं लुमंका झीसं नं अथे हे ज्या यायेगु हे राजभाईयात सुभाय् ल्हायेगु, वैगु दिवंगत चित्तयात शान्त ज्वीगु ज्वी ।

राजभाईयात जि योम्ह धयागु लोके लोय्केत लोकाचार्यया लागि धयागु मखु । खँला योमयो धैगु थ:गु स्वार्थ ख: । तर चतुर ब्रह्म विहारे च्वना धायेगु या अर्थ निस्वार्थ ख: । मैत्री, करूणा, मुदिता व उपेक्षा नापं प्यंगु पखा: दुगु चतुर ब्रह्म विहारे चोनां धयागु ख: ।

खजा राजभाईयात म्हस्यूगु मचाबलेनिसें ख: वया बौ-माँपिन्त नं बाँलाक म्हस्यू । खजा वया माँ कयोमयूजु (कयोथें त्वीस्येचोंम्ह) जिमिमाँ तँज, बुबहाले चोंम्ह वेतिमायाया थ:लाम्ह । हानं वया तता रत्नदेवी जिमी भिंन्चा सानुया जहान जूगुलिं नं थ:लाम्ह । हानं जिमी स:स:तताया म्ह्याय् रेनु नाप इहिपा: जुया नं थ:लाम्ह व राजभाई । थुलिमछि थ:लाम्ह व राजभाई विद्यार्थी माष्टर पाखें नं थ:लाम्ह व जित: आ:तक नं अर्थात् अन्तिम समये तक नं माष्टर साहेब धाइगु । वया अबु पूर्णबहादुर साप धर्मे लगे ज्वीम्ह । अवले लामा धर्मया प्रचार वसपोल लामा धर्मे नं साप श्रद्धा दुम्ह ख: । जिके आतक नं लुमंसे वो कि वसपोलया छुँ तधंम्ह अवतारी लामा कर्मापालामुजुं नं दर्शन ब्यूवंगु । वसपोल पूर्णवहादुरजुं धर्म चित्तम्ह जूगुलिं थ: काय् राजभाईयात एस.एल.सी. परीक्षा पास जुसेंली धार्मिक सम्बन्ध दुगु आनन्दकुटी साइन्स कलेजे भर्ना यानाबिल । थ्व खँ अन्दाजी २०२२ सालपाखे ज्वीमा । कीर्तिनिधि विष्ट शिक्षा मंत्री जूगुपाले आनन्दकुटी विद्यापीठे साइन्स कलेज खोले जूगु । अवलेनिसें राजभाई नाप माष्टर विद्यार्थी सम्बन्ध झन सतीना वल । अवले बस सर्भिस धैगु मदुनि । राजभाई स्वयम्भू थ्यंक न्यासी वैगु । न्यासी वैबले कोछुना वैगु । मानौ भिक्षुपिनि भिक्षा कावनिबले कोछुना वैगु थें राजभाई कोछुना वैगु खना जित: कविशिरोमणि लेखनाथ यागु कविता लुमंसे वैगु ।

**"उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर**
**फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ।"**

धात्थें जि योम्ह राजभाई फल स:गु सिमाकचा कोछुथें फलदायि, गुणि व्यक्ति उपकारीम्ह ख: । धर्मे नं असाध्ये श्रद्धा दुम्ह संघ संस्थाने नं उलि हे ज्या याइम्ह वाई.एम.वि.ए. विश्वमैत्री संघ तथा मेमेगु संघ संस्थाने उलि हे नां जाम्ह, नां जक मखु ज्या नं जा:म्ह । थेरवाद धर्मे नं ज्या जोम्ह उपासक व राजभाई । उलि जक मखु, करपिनिगु उपकारी ज्याय् न्ह्यज्याँवनिम्ह व राजभाई ।

जिमी गबलें गबलें दु:ख सुखयागु खँ ज्वीगु । धर्म, संघ संस्थाय् जुयाचोंगु गतिविधिया बारे नं बरोबर छलफल ज्वीगु । कने धा:सा कने मज्यूगु, धाय् धासा धाय् मज्यूगु धका नं खँ ज्वीगु । आ: छुयाय् धका नं खँ ज्वीगु । किसका धर्म सत्य हे धका थेरवाद धर्मया प्रचार याज्वीम्ह धर्मालोक भन्ते नं मन्त । वसपोल दनिगुसा वसपोलयात गथे ज्वीगुथेंक धका नं खँ ज्वीगु । राजभाई नाप समाजे सुधार हय्गु खँ नं ज्वीगु तर छुयाय् । नां नां पण्डितया ग्वाचे जाथा: धाथें झीतनं अथेहे जुयावनि धका नं खँ ज्वीगु । न्ह्यागु न्ह्यात्थे धासां 'चतुर ब्रह्म विहारे" चोनिगु झीसं तोतेमज्यू धका नं खँ ज्वीगु । जि योम्ह राजभाई यात जिगु थ्वहे बिन्तिभाव दु कि थ्व लोके ज्वीमा वा परलोके ज्वीमा थ्व चतुर ब्रह्म विहार तोतेमज्यु । थ्वहे जि योम्ह राजभाईयात जिगु श्रद्धाञ्जली चेछानागु जुल । व खँ मैत्री, करूणा, मुदिता, उपेक्षा ।

साधु ! साधु !! साधु !!!

# अष्टश्लोकी मतिशोधन अभ्यास–२

**लेखकः दलाइ लामा**

***अनुः नानिभाइ स्थापित,*** *मिखाद्वँमी*

छगू ल्याखं धार्मिक साधक धात्थैं धायेमाल धाःसा लडाई ल्वाना च्वंम्ह सिपाहीं लैं खः । गुज्वःपिं शत्रुतयनाप ल्वाना च्वनीले मने दुनेया शत्रुनाप । अविद्या तँ, आशक्ति, अहंकार आदिया परम शत्रुत खः । उपिं पिनैंमखु, दुनैं खः, प्रज्ञा व ध्यानया ल्वाभलं उपिं दुनेया शत्रुतय् नाप ल्वायेमाः । प्रज्ञा गोली, क्षेप्यास्त्र खः, समाधि मनया समर्थ वइत प्रक्षेपण याइगु ल्वाभः खः । गथेकि पिनिया शुत्रतय् नाम ल्वायेबले भ्नीत घाःपा व दुःख जुइगु खः, अथेहे आन्तरिक शत्रु नाप ल्वाये वले नं भ्नीत आन्तरिक व्यथा व मछिना च्वनी । थुकथं, धर्म छगू आन्तरिक खँ खः, धार्मिक शीलया आन्तरिक विकाशनाप स्वापू दयाच्वनी ।

थुकियात मेगु दृष्टिकोणं धायेमालसा, मनुष्य चिन्तनं विकसित आधुनिक विज्ञान व प्रविधया आधारित जुयाः भ्नीपिँ बाह्य अन्तरिक्षसं आपालं न्ह्यज्या वना च्वना । अथेसानं चित्तया स्वभाव नाप सम्बन्धित आपालं चीजत मालेगु व मनंवालेगु धाःसा अभ्र बाकि हे दनि, चित्त उत्पत्तिया कारण दु लाकि मदु, दु धयागु खःसा उकिया मूल हेतु वा कारण छु खः, थुकिया प्रत्यय छुखः, अले थुकिया फल छु खः आदि आदि परिवेक्षण व चिन्तन यायेगु धाःसा बाकि हे दनि । चित्तयात विकाश यायेया लागी आपालं शील वाः नीति नियमत दु, थुकिइमध्ये प्रमूखला स्नेह, मैत्री, करुणा खः । मैत्री व करुणाय् मनयात अग्रसर यायेफयेकेगु तःसकं परिस्कृत ल्याखँ विकसित व शक्तिशाली जुइकेफइगु बुद्ध धर्मे आपालं दु । छगू बाँलाःगु चित्त, बाँलाःगु नुगः, लुमुगु अनुभूति तस्सकं आवश्यक दु । यदि छिके बाँलाःगु चित्त दुगुखःसा छि थः थम्हँ सुखी जुया च्वनी, थःगु छेँजः, पासापिं, मचाखाचचा, त्वाःवाः आदि पिँ सुखीजुयाच्वनी । यदि छिके उकथंया भिँचित्त मदुगु जुलसा उकिया पायेछि अःखः जुयाच्वनी । देशं दे, महादेशया मनुत सुखी मजुइगुया कारणं नं थ्वहेखः । थुकथं मनूया समाजे बाँलाःगु चित्त व दया करुणा अत्यधिक महत्वंजाःगु चीजत खः । उगु खँज्या मनूतये जीवनया लागि अतिकं अमुल्य व अत्यावश्यक जू । उकिँ छगू भिंगु व बाँलाःगु चित्त बिकाश यायेया लागी कुतः यायेगु हे सार्थक सिद्ध जूवनी । नह्यागु दृष्टिं नं सुखमाःगु व दुःख मदयेकेगु धैगु भ्नी सकलसियाँ अथेहेखः । अथेसानं 'थ' धायेबले छम्हजक जुल, मेपिँ धायेबले गिन्ती आपालं जुई । उकिया कारणं, थःजक सुखी जयाः दइगु सन्तुष्टिया मात्रा व मेपिँ आपालं संख्याय् मनूत सुखी जुइगु संतुष्टि या मात्रास आपालं भिन्नता दु वहे भिन्नताय् आधारित जुयाः हे मेपिँ थः सिवेनं उपो महत्वं जाया च्वनी । यदि 'थः' छम्हसिनं दुःख फये मफैगु खःसा मेपिँ प्राणि (मनुखँ) गथे दुःखयात सहयाये फई ? उकिया कारणं थःत मेपिनिगु कल्याणे छचलेगु हे औचित्य जुइ, मेपिन्त थःगु उद्देश्यया लागी छचलेगु गलत जुइ ।

थःकेदुगु शरीर, वचन, चित्तया क्षमतात मेपिनिगु कल्याणया लागी छचलेगुली मेपिनीगु दुःख चीका सुख जुइगु अभिलाषा यानाः बोधिचित्त वा परोपकारी चित्त उत्पादन यायेगु आवश्यक जू सुनानं धर्मयात विश्वासया बा मया, सुनानं पुर्वजन्म दु बा मदु धकाः पुष्टिया बा मया, तर करुणायात कदर मयाइपिँ वा माने मयाइपिँ मनूत सुं दइमखु । जन्मजुसाँनिसें भ्नीपिं भ्नी अभिभावक पिनि दया, व हेरचाहे लानाच्वनी । अले लिपा भ्नीगु जीवनया अन्त्ययनं जरा, व्याधिं पिडित जुई, भ्नीपिँ हानं मेपिनिगु भिं चित्त व करुणाय् आपालं आश्रितय् लाःवनी । भ्नीगु जीवनया सुरुइ व अन्त्यय् भ्नीपिँ मेपिनिगु दयामायाय् आश्रित जुइमाःगुलिँ भ्नीसं थ्व निगू क्षणयात मेपिँप्रति दयामाया भावना विकास याःसाजक उचित जुई । थ्व हे धर्मया सार खः, थ्व हे बुद्ध धर्मया सार खः ।

भ्नीसं थ्व बाँलाःगु चित्त, सुचित्त, थ्व परोपकारीता यात थःगु अभ्यासया आधार व दुनें निसें दयेकेगु ल्याखँ काय्माः, व थुकिई अभ्र अभिवृद्धि हयेगु ज्याय् थम्हँ यायेगु न्ह्यागुँज्याय् भिगु ज्याखँयात निर्देशित यायेमाः । भ्नीसं थःगु चित्तयात थुकिँ पूर्णरूपं लिप्त यायेमाः अले थ्व अभ्यासयात लुमंका तयेत शब्द बाः लेखत नं छचले फयेकेमाः थुजोगु शब्द यातहे काडम्पा धेशे लाँगरीथाङ्गपा (१०५४-११२३) विरचित्त अष्ट श्लोकि मतिशोधनअभ्यास खः । उत्साह पूर्ण अभिरूचिया तहले जक अभ्यास यासानं तवि थुपिँ अत्यन्त शक्तिशाली जू ।

**(१) चिन्तामणि रत्न स्वयाःनं महान**
समस्त सत्व प्राणितिनी सर्वोत्तम
कल्याण याइगु अधिष्ठानया नापं जिँ
उकियात तचकं आपाः माया यायेगु स्यनाकाये ।

*क्रमशः*

# धर्मकीर्ति विहारको नव निर्मित भवन हस्तान्तरण

२०५९ मंसीर ७ गते शनीबार ।
स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघल ।

द्रब्यमान सिंह, बसुन्धरा तुलाधर परिवारको आयोजनामा धर्मकीर्ति विहारको नव निर्मित भवन हस्तान्तरण र भिक्षु महासंघबाट महापरित्राण पाठ कार्यक्रम सम्पन्न भएको छ । कीर्ति तुलाधरले उद्घोषण गर्नु भएको उक्त कार्यक्रममा उक्त नव निर्मित भवनमा स्थापित बुद्धकालिन संवेजनीय चार पवित्र तीर्थ स्थल (लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर) का मूर्तिहरूको भिक्षु अश्वघोष र बर्मी राजदूत उ ने वेंबाट संयुक्तरूपमा उद्घाटन भएको थियो ।



उद्घाटन कार्यक्रम पश्चात् भिक्षु संघको तर्फबाट बुद्ध वचनहरू वाचन गर्नुभई नवनिर्मित बुद्ध मूर्तिहरू पलिष्ठा गरिएको थियो । त्यसपछि दाताहरू लगायत बर्मी राजदूतको तर्फबाट बुद्ध मूर्ति अगाडि फूलको गुच्छा चढाई श्रद्धा व्यक्त गरियो ।

समारोहमा सहभागी सबै उपासक उपासिकाहरूको तर्फबाट नवनिर्मित बुद्ध मूर्तिको अगाडि बुद्ध पूजा गरिसकेपछि धर्मकीर्ति संरक्षण कोषका सचिव अगम्य रत्न कंसाकारले धर्मकीर्ति बिहार स्थापनाकाल देखिका गतिविधिहरू लगायत हाल यसको पुनःनिर्माणको आवश्यकता विषयमा आफ्नो मन्तब्य व्यक्त गर्नुभयो ।

दाता भाइराजा तुलाधरले नवनिर्मित भवनको साँचो धर्मकीर्ति विहारकी प्रमुख धम्मवती गुरुमांलाई अर्पण गरी भवन हस्तान्तरण गर्नुभएपछि उहाँले विहार पुनः निर्माणको विषयमा आफ्नो मन्त्व्य व्यक्त गर्नुहुँदै भन्नुभयो– "मेरा मातापिताले एउटा ठूलो पूण्य कार्य गर्ने इच्छा राखी परलोक हुनुभएका थिए । त्यसैले उहाँहरूको मनोकामना पूरा गर्ने इच्छा राखी मैले यस बिहारको पुनः निर्माण गरेको हुँ । मेरो यस पूण्य कार्य सफल पार्नका लागि विहार पुनः निर्माण कार्य गर्न अनुमती दिनु भएकोमा यस विहारका पुराना विहार दाताहरूको उदार हृदयको लागि हामी आभारी छौं ।"

त्यही सिलसिलामा म्यानमारका राजदूत उ ने वें ले शिलापत्र उद्घाटन गर्नुहुँदै आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा भन्नुभयो- "हाम्रो सफल जीवनको मार्ग नै धर्म हो । धम्मवती गुरुमांले यही धर्म प्रचार क्षेत्रमा आफ्नो जीवन अर्पण गर्नुभई जति पनि त्याग र तपस्या गरी आफ्नो अमूल्य देन प्रदान गर्नुभएको छ, त्यसप्रति हामी कृतज्ञ छौं । त्यसरी नै द्रब्यमानसिंह (भाइराजा साहु) परिवारले यही धर्म क्षत्रमा प्रदान गर्नु भएको देन अति प्रशंसनीय र उल्लेखनीय रहेको छ ।"

यही क्रममा धम्मवती गुरुमांले पनि आफ्नो आशिर्वचन व्यक्त गर्नुहुँदै भन्नुभयो- "आज धर्मकीर्ति विहारको पुनः निर्मित भवनलाई दाता द्रव्यमान सिंह र बसुन्धरा तुलाधर परिवारले हस्तान्तरण गर्न पाएकोमा उहाँहरू खुशी हुनु त स्वभाविक नै हो । किनभने आफ्नो रगत पसीना बगाई शुद्ध चित्तले कमाइएको धन उत्तम क्षेत्रमा लगानी गर्न पाएको नै उहाँहरूको लागि पुण्य रूपी बिऊ रोप्ने एक सुवर्ण अवसर हो । दान दिने बेलामा दान लिने ब्यक्ति र दान दिने ब्यक्ति दुबैथरी खुशी नै हुन्छन् । तर यी दुई ब्यक्तिहरू मध्ये दान दिने ब्यक्ति खुशी हुनुमा बढि महत्त्व हुन्छ । दानको महत्त्व थाहा पाउने व्यक्तिले मात्र दान दिन उत्सुक हुनेछ ।

दानको महत्त्व थाहा नपाउने व्यक्तिले आफ्नो चीज बस्तुहरू दान दिन सक्दैनन् । बुद्ध स्वयंले भन्नुभएको छ–

"मैले जस्तो दानको महत्त्व जसलाई थाहा हुन्छ, उसले दान नदिईकन रहन नै सक्दैन ।"

त्यसैले हामीले भन्न सक्छौ. जसले दानको महत्त्व थाहा पाउँदैन, उसले भौतिक सम्पत्ति थुपार्ने काम मात्र गरी परलोक हुन्छ । कसैलाई त्यस सम्पत्तिबाट उपकार हुने कार्य गर्न सक्दैन । तर जसले राम्रो र शुद्ध पूण्य कार्य गर्छ, त्यसको फल उसको छायाँ जस्तै पछि पछि लागेर आउनेछ । प्रकृतीको यस सत्य तथ्य नियमलाई बुझी हामीले पनि सधैं राम्रो कार्य गर्दै जान सकौं ।"

समारोहको अर्को एक महत्त्वपूर्ण पक्ष पुस्तक विमोचन कार्यक्रम रहेको थियो । सोही कार्यक्रम अनुसार धर्मकीर्ति विहार स्थापनाकाल देखि आज सम्मका अवस्थाहरू, गतिविधि, परिचय, बुद्धकालिन चार संवेजनीय तथा दर्शनीय स्थानहरू, बुद्ध जीवनी र बुद्धकालीन चारवटा प्रमुख विहारहरू तथा विहार दाताहरू समेत उल्लेख गरिएका रीना तुलाधर द्वारा लिखित **"चिरं तिट्ठतु सद्धमो"** बर्मी गुरुमां दोगुणवती द्वारा विमोचन गरिएको थियो । पुस्तक विमोचन गर्नुभएपछि दो गुणवती गुरुमांले धर्मकीर्ति बिहारलाई शुभकामना व्यक्त गर्नुहुँदै भन्नुभयो-

"धर्मकीर्ति विहारको स्थापनाकालदेखि आज सम्मको विकाशक्रमलाई मैले राम्ररी अनुभव गर्दै आइरहेकी छु । यस विहारको उन्नतिको प्रमुख कारण नै यस देशका धर्मप्रेमी उपासक उपासिकाहरूको धर्मप्रति रहेको अटल श्रद्धा र आदर गौरव हो भन्ने कुरा बुझिन्छ । आजकै पवित्र दिनमा रीना तुलाधरद्वारा लिखित **"चिरं तिट्ठतु सद्धम्मो"** पुस्तक बिमोचन गर्ने सुअवसर पाएकोले दाता भाइराजा, बसुन्धरा तुलाधर परिवारलाई साधुवाद दिँदैछु । अन्त्यमा धर्मकीर्ति विहारको उन्नति अभिबृद्धि र विहारका दाता लगायत पुन: निर्माणका दाताहरू सबैलाई सुख शान्ति र आयु आरोग्यको पनि कामना गर्दछु ।"

आ-आफ्ना मन्तब्य ब्यक्त गर्ने कार्यक्रम पश्चात् भिक्षु महासंघबाट महापरित्राण पाठ शुरु गरिएको थियो । महापरित्राण पाठ कार्यक्रमको सिलसिलामा भिक्षु अश्वघोषले धर्मदेशना गर्नुहुँदै भन्नुभयो–

"हरेक मानिसको जीवनमा आधारभूत आवश्यकताहरू (खानको लागि खाना, लगाउनको लागि लुगा, बसोबासको लागि बास स्थान, र विरामी पर्दा औषधी) अत्यावश्यक रहेको हुन्छ । बुद्धकालिन भाषा अनुसार यसलाई चतुप्रत्यय पनि भनिन्छ । एक त्यागी ब्यक्ति जसले आध्यात्मिक शान्ति प्राप्त गर्ने बाटोमा लागेको हुन्छ, उक्त ब्यक्तिको लागि पनि यी चार आधारभूत आवश्यकताको खाँचो भइरहेकै हुन्छ ।

विहार दान दिनु भनेको नै यी महत्त्वपूर्ण चतुप्रत्यय दानहरू मध्ये एक "बास स्थान" दान दिनु हो ।"

भिक्षु भिक्षुणी उपासक उपासिका आदि गरी कार्यक्रममा सहभागी भएका सबैलाई जलपान, भोजनको व्यवस्था गरिएको उक्त कार्यक्रममा भोजन पश्चात् भिक्षु भिक्षुणीहरूलाई दान प्रदान गरिएको थियो ।

महापरित्राण पाठ सम्पन्न भएपछि वेलुकीपख श्रीघ: चैत्य र धर्मकीर्ति विहारको प्राङ्गणमा श्रीघ: ज्ञानमाला भजन खल:को तर्फबाट ज्ञानमाला भजन गाइएको थियो ।

**सम्मान कार्यक्रम**

२०५९ मंसीर ८ गते, आइतबार ।
स्थान- धर्मकीर्ति विहार ।

यस दिन धर्मकीर्ति विहारको भवन पुन: निर्माण गर्ने सिलसिलामा संलग्न रही आफ्नो योगदान दिएका सबै कामदारहरूलाई द्रब्यमानसिंह बसुन्धरा तुलाधर परिवारको आयोजनामा कदर पत्र प्रदान गर्ने विशेष कार्यक्रम संचालन गरिएको थियो ।

भिक्षु अश्वघोषबाट पंचशील प्रार्थना गराउनु भई शुरु गरिएको उक्त कार्यक्रममा भिक्षुणी धम्मवतीले दानको महत्त्व र दान चित्त विषयमा धर्म देशना गर्नुभएको थियो । विहारदाता द्रब्यमान सिंहले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा विहारका पूर्व दाताहरूले विहार पुन: निर्माण गर्ने मौका दिनु भएकोमा बिशेष कृतज्ञता ज्ञापन गर्नुभयो । यसरी नै उहाँले धर्मकीर्ति

विहारका विभिन्न सक्रिय धार्मिक एकाईहरू प्रति प्रशंसा व्यक्त गर्नुहुँदै धन्यवाद ज्ञापन गर्नुभयो।

विहार पुन: निर्माण गर्ने सिलसिलामा आ-आफ्नो क्षेत्रमा रही महत्त्वपूर्ण योगदान दिनुहुने आर्किटेक्ट, सिभिल कन्ट्र्याक्टर, मूर्तिकार, कलाकार, इलेक्ट्रिसियन आदिलाई उहाँहरूको लगनशीलतालाई कदर गर्दै कदर पत्रहरू र धर्मकीर्तिको लोगो तथा उपहारहरू प्रदान गरी सम्मान गरिएको थियो।

आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा भिक्षु अश्वघोषले मानिसको असल चित्त र असल व्यवहारको महत्त्व वारे उल्लेख गर्नुहुँदै धर्मदेशना गर्नुभएको थियो।

धर्मकीर्ति विहारका सल्लाहकार लोकदर्शन बज्राचार्यले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा विहार निर्माण कार्यमा संलग्न रहनुभएका बिहार दातालाई पनि कदर गरिनु पर्ने मनसाय व्यक्त गर्नुभयो। विहारदाता परिवारको तर्फबाट त्यहाँ उपस्थित रहनुभएका धर्मकीर्ति बिहारका धर्मानुशासक, संस्थापक, सह संस्थापक भन्ते गुरुमांहरूलाई दान प्रदान गर्नुहुँदै चिरं तिट्ठतु सद्धम्मो पुस्तक पनि वितरण गर्नुभएको थियो।

यसको साथसाथै धार्मिक क्षेत्रमा सक्रिय रहेका धर्मकीर्ति बिहारका इकाईहरू (धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति बौद्ध मासिक पत्रिका, तथा धर्मकीर्ति स्वास्थ्य कमिटी) को उत्तरोत्तर प्रगतिको कामना गरी दाता द्रव्यमान सिंह तुलाधरले प्रत्येक इकाईलाई १।१ लाख रुपैयाँ चन्दा प्रदान गर्नुभएको थियो।

यसरी सम्मान कार्यक्रमको समापन पश्चात् श्रीघ: बहालमा दीपावली गरिएको थियो। यसपछि धर्मकीर्ति विहारको प्रांगणमा श्री अन्नपूर्ण ज्ञानमाला भजन खल:को तर्फबाट ज्ञानमाला भजन गाइएको थियो।

कार्यक्रमको अन्त्यमा रात्री भोजको आयोजना गरी सहभागीहरूले खुशीयाली मनाएका थिए।

### मन्तब्यहरू

धर्मकीर्ति विहारको नव निर्मित भवनको हस्तान्तरण गर्ने कार्यक्रमको सिलसिलामा दाता द्रव्यमानसिंह तुलाधर र धर्मकीर्ति विहार संरक्षण कोषका सचिव अगम्य रत्न तुलाधरले प्रस्तुत गर्नुभएको मन्तव्यको विस्तृत विवरण छुट्टाछुट्टै नेपाली रुपान्तर गरी प्रस्तुत गरिएको छ।

### दाता द्रब्यमान सिंह तुलाधर

२०५९ मंसीर ७ गते, शनीवार।

"पूज्य भन्ते गुरुमांहरूको आर्शिवाद र थुप्रै श्रद्धालु ब्यक्तिहरूको सहयोग र मंगलकामनाको कारणले धर्मकीर्ति विहार पुन:निर्माण गर्ने मेरो आकांक्षा सफलतापूर्वक सुसम्पन्न भएको हुँदा मेरो मन अति हर्षित भइरहेको छ।

दिवंगत हुनुभएका मेरा पुज्य माता मोतीलानी तुलाधर र पिता रत्न मान सिंह तुलाधर ले उहाँहरूको आफ्नो जीवनकालमा नै एउटा ठूलो पूण्य कार्य गर्ने इच्छा ब्यक्त गर्नुभएको थियो। तर अपशोच ! उहाँहरूको जीवनकालमा उक्त इच्छा पूरा गर्न सकिएन। आज मैले मेरा पूज्य माता पिताहरूको पुण्य स्मृतिमा उहाँहरूको इच्छा पूरा गर्ने मनसाय राखी यस पूण्यकार्य पूरा गर्न सकेकोले मेरो मन अति हर्षित भइरहेको हो। यस पुण्य कार्यमा सहयोग र हौसला दिने मेरा परिवारका सदस्यहरू मध्ये विशेष गरी मेरा भार्या बसुन्धरा तुलाधर प्रति म ज्यादै आभारी भइरहेको छु।

वि.सं. २०२२ सालमा स्थापित यस धर्मकीर्ति विहार थुप्रै श्रद्धालु दाताहरूको संयुक्त सहयोगले निर्मित विहार हो। त्यसैले यस सिंगो विहारलाई भत्काई पुन: निर्माण गर्नको लागि पूर्व दाताहरूको मञ्जुरी लिन आवश्यक भएको कुरा निश्चय पनि हो। त्यसैले मैले सर्वप्रथम धम्मवती गुरुमां प्रमुख पूर्व दाताहरूको समक्ष धर्मकीर्ति विहारलाई पुन: निर्माण गर्ने इच्छा व्यक्त गरें। पूज्य धम्मवती गुरुमां प्रमुख पूर्वदाताहरू सबैले उहाँहरूले निर्माण गरिराखेको विहार भत्काउन सहर्ष मञ्जुरी दिनु भएको कारणले नै मैले यस पुण्य कार्य गर्ने मौका पाएको छु। त्यसैले म धम्मवती गुरुमां प्रमुख विहारका पूर्व दाताहरू (धम्मवती गुरुमांका धरका परिवारहरू, ज्याठा निवासी हर्षरत्न सानुरत्न साहु, जनबाहाल निवासी हेरादेवी कंसाकार, जमल निवासी मणिहर्ष ज्योती साहु, मासंगल्ली निवासी दिलमाया तता,

स्व. भीमबहादुर दाई, इत्यादि) सबै प्रति आभारी भइरहेको छु । धर्मकीर्ति विहार स्थापना कालदेखि यस विहारको लागि सहयोगी पूर्व दाताहरूको कीर्ति नाश नहोस् भन्ने मेरो हृदय देखिको कामना रहेको छ । यही कारणले पुरानो शिलापत्र पनि यस नव निर्मित विहारको भवनमा स्थापना गरिदएको छु । फेरि यस विहारको इतिहास बनिरहोस् भन्ने मनसाय राखी धर्मकीर्ति विहार भवनको विस्तृत विवरण समावेश गरी एक पुस्तक प्रकाशन गरिदिएको छु । जुन पुस्तक आज नै विमोचन गर्ने कार्यक्रम रहेको छ । यसरी नै सबैले पूर्व दाताहरूको कीर्ति स्मरण गर्न सजिलो होस् भन्ने विचारले धर्मकीर्ति विहारमा विभिन्न पूर्व दाताहरूले निर्माण गरी दान गर्नु भएका कोठा र हल इत्यादिका तस्विरहरू संकलन गरी एउटै फ्रेममा राखी प्रदर्शन गरिदिएको छु । यसरी यस विहार पुन: निर्माण गर्नको लागि मञ्जुरी दिनु भएकोमा विशाल हृदय भएका पूर्व दाताहरू प्रति फेरि एकपटक हृदयदेखि कृतज्ञ व्यक्त गर्दछु ।

यो नयाँ विहार वि.सं. २०५७ साल पौष महिनामा शिलान्यास गरी आज वि.सं. २०५९ मंसिर महिनामा निर्माण कार्य पूरा भएको छ । भवन निर्माण कार्य पूरा हुन झण्डै २ वर्ष लाग्यो । निर्माण कार्य आफ्नो हातले गर्न नसकिने र सबै काम विभिन्न कामदारहरूको तर्फबाट पूरा गर्नु पर्ने भएकोले सके सम्म छिटो सम्पन्न गर्ने इच्छा रहेतापनि समयमा नै पूरा गर्न सकिएन । भवन निर्माण कार्यले झण्डै २ बर्ष समय लिएकोले विहारमा रहनुभएका गुरुमांहरू लगायत उपासक उपासिकाहरूलाई थुप्रै असुविधा हुन पुगेको छ । बुद्ध पूजा र अन्य कार्यक्रमहरू संचालन गर्ने सिलसिलामा असुविधाहरू हुन पुगेको छ । गुरुमांहरूको सुविधाको लागि मैले दगुबहाल असनको मेरो सिंगो घर प्रयोगगर्न दिएको थिएँ । तैपनि धर्मकीर्ति बिहार जस्तो सक्रिय र व्यस्त विहार निर्माण गर्दा सुचारु रुपले प्रवन्ध मिलाउन अलि गाह्रै पऱ्यो । त्यसैले विहार निर्माण अवधि भित्र सबैलाई पर्न गएको असुविधाको लागि क्षमा माग्दैछु । यस नव निर्मित विहार जग्गाले भ्याए सम्म डिजाइन गरी वनाउन लगाएको हो । तैपनि यस विहारनिर्माण कार्यमा कमी कमजोरीहरू, र भूलचूक रहेमा त्यसको लागि पनि क्षमा माग्दैछु ।

अन्त्यमा यस बिहार पुन: निर्माण कार्यमा सहयोग गर्नुहुने धम्मवती गुरुमां प्रमुख विहारका सबै गुरुमांहरू, धर्मकीर्ति विहारका विभिन्न इकाईहरू (धर्मकीर्ति विहार संरक्षण कोष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धमीकीर्ति बौद्ध मासिक पत्रिका, र धर्मकीर्ति स्वास्थ्य कमिटी) का सदस्यहरूलाई हृदयदेखि धन्यवाद व्यक्त गर्दैछु । यस पुण्य कार्यमा आर्शिवाद दिनुहुने सबै भन्ते गुरुमांहरूलाई सश्रद्धा वन्दना गर्दैछु । यस पुण्य कार्यलाई समर्थन र खुशियाली व्यक्त गर्नुहुने सबै धर्मप्रेमी साथीहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।"

॥ भवतु सब्ब मंगलं ॥

**अगम्य रत्न कंसाकार**

२०५९ मंसीर ७ गते, शनिबार ।

नेपालमा भगवान् बुद्धको शुद्ध शिक्षा प्रचार प्रसार गर्ने दृढ संकल्प गरी बाल्यकालमा नै विभिन्न कठिन बाधा अडचनहरू पार गर्नुभई वर्मा देशमा पुगी १४ वर्ष सम्म गहन अध्ययन पश्चात् धम्माचरिय उपाधिले विभूषित भई वि.सं. २०२० सालमा धम्मवती गुरुमां अन्य २ जना गुरुमांहरू मा गुणवती र रत्न मञ्जरी का साथ नेपाल फर्कनु भयो । नेपालका विभिन्न स्थानहरूमा २ वर्ष सम्म बुद्ध शिक्षा प्रचार प्रसार गरी वि.सं. २०२२ सालमा बुद्ध शिक्षा प्रचार गर्ने मनसाय राखी धम्मवती गुरुमांको नेतृत्त्वमा धर्मकीर्ति विहारको स्थापना काठमाडौंको श्रीघ: न:घ: टोलमा गरियो । त्यस बेलादेखि धर्मकीर्ति विहारले बुद्ध शिक्षा चीरस्थाई गर्ने क्रममा विभिन्न कार्यक्रमहरू संचालन गरी उपासक उपासिकाहरूको मन जित्दै आउन सक्नु नै यस विहारको निरन्तर विकासको कारण बनेको छ ।

वि.सं. २०२० सालमा गुरुमांहरू नेपाल फर्कनुभएपछि विहार निर्माण हुनु अगावै सबभन्दा पहिला उहाँहरू ललितपुरको हौगल स्थित धम्मवती गुरुमांको बुबा हर्षमान शाक्यको घरमा २ महिना रहनु भयो । त्यसपछि बुद्ध शिक्षा प्रचार गर्ने क्रममा सुमंगल भन्ते जापान जानुभएको समयमा गण महाविहारमा र

काठमाडौं स्थित ज्या:बहालका भाजुरत्न, ज्ञानमानको घरमा बालबालिकाहरूलाई बुद्ध शिक्षाको कक्षा संचालन गर्नुभई ललितपुर, काठमाडौं र भक्तपुरका विभिन्न स्थानहरूमा बुद्ध पूजा र धर्मदेशना गर्नुभयो । त्यसवेला गुरुमांहरू काठमाडौं स्थित त:खा छचेँका दानलक्ष्मी कंसाकारको घरमा रहनु भएको थियो । धर्म देशनाबाट प्रभावित भएका मानिसहरूलाई धर्म अमृतपान गराउने धेरै जसो व्यक्तिहरूको तिव्र इच्छालाई सार्थक गराउन एक निश्चित स्थानको आवश्यकतालाई महशूस गरी धम्मवती गुरुमांका पिता हर्षमान शाक्यले प्रदान गर्नुभएको रकमले जग्गा किनियो । ज्या:बहालमा चतुर रत्न शाक्यले प्रदान गर्नुभएको रकमले रजिष्ट्रेशन पास गरी न:घ:ल स्थिति श्रीघ:को रत्नबहादुर मालीको ६०'X३१' क्षत्रफलको जग्गा यसरी प्राप्त भएको थियो । यसरी प्राप्त भएको उक्त जग्गामा उपासक उपासिकाहरूको इच्छानुरूप असनका लक्ष्मी प्रभा तुलाधर, जमलका केशरी लक्ष्मी कंसाकार, त:खाछचेँका दान लक्ष्मी कंसाकारको विशेष सहयोग र अन्य उपासक उपासिकाहरूको सहयोगले रु ६५,०००।- को लागतमा ४२' लम्बाई र २१' फिट चौडाई भएको विहार निर्माण गरियो । धर्म प्रचार गर्ने मनसाय राखी निर्माण गरिएको यस विहारको नाम धर्मकीर्ति राख्न पाए हुने थियो भनी काठमाडौं मरुटोलकी हेरालानी ताम्राकारले आफ्नो इच्छा व्यक्त गरे अनुसार सबैले यही नामलाई स्वीकार गर्दै धर्मकीर्ति विहार नामाकरण हुन गयो । यस विहारको उद्‌घाटन वि.सं. २०२२ साल वैशाख २६ गते शनीबार का दिन सम्पन्न गरियो ।

विहार निर्माण भएपछि धर्मका जिज्ञासु उपासक उपासिकाहरूको संख्यामा पनि वृद्धि हुन थाल्यो । फलस्वरूप विहारका गुरुमांहरू र विभिन्न दाताहरूको सक्रिय सहयोगले माथिल्लो एक तल्ला थपी कोठाहरू थप्ने कार्य भयो ।

यही क्रममा वि.सं. २०२४ सालमा डिल्ली बजार का हेराकाजी राजकर्णिकारको तर्फबाट विहारको पूर्वतिर भान्छा कोठा एउटा निर्माण र विजुली जडान गर्ने कार्य गरी सहयोग गरियो ।

वि.सं. २०२५ सालमा नन्दलाल जोशीको तर्फबाट धारा जडान गर्नुका साथै नुहाउने कोठा एउटा पनि निर्माण गर्नुभयो । यही सालमा धम्मवती गुरुमांको माता हेराथकुं शाक्य र भाई मोतीकाजी शाक्यको सश्रद्धाले २१'X१०' को एक तल्ला थप्ने कार्य भयो ।

वि.सं. २०२८ सालमा धर्मदेशना सुन्ने स्थान ज्यादै सानो भएको महशूस गरी छिंडीमा रहेका सबै कोठाहरू भत्काई हल ठूलो पार्ने कार्य सम्पन्न गरियो । साथै गुरुमांहरूको लागि एउटा कोठा थप्ने कार्य पनि सम्पन्न भयो । यसको लागि डिल्ली बजार निवासी हेराकाजी, ज्याठा निवासी कुलिशरत्न र थाय्‌मदु निवासी जुजुरत्नको सहयोग र अन्य उपासक उपासिकाहरूको सश्रद्धा प्राप्त भएको थियो ।

वि.सं. २०३० सालमा जनबाहाल निवासी हेरादेबी कंसाकारको तर्फबाट (मातं) दुईतल्लाको पूर्व दक्षिण तर्फको एउटा कोठा निर्माण गरियो भने ज्याठा निवासी ताराशोभाको तर्फबाट पनि सोही तल्लामा अर्को एक कोठा थपियो ।

वि.सं. २०३२ सालमा बिहारको रुपमा ठूलो परिवर्तन आयो । ज्याठा निवासी हर्ष रत्न स्थापित र सानुरत्न स्थापितहरूको सश्रद्धाले दुईतल्लाको पश्चिम तर्फ बुद्ध मूर्ति सहितको एउटा हल र विहारको ३ तल्लामा ३ वटा कोठाहरूको निर्माण गरियो । उक्त नवनिर्मित हल देश विदेशबाट आएका पाहुनाहरू, भन्तेहरू र साथै बिभिन्न बैठकहरू गर्नको लागि प्रयोगमा ल्याइयो ।

वि.सं. २०३४ सालमा आएर विहारको स्थान अझ विस्तृत गरियो । काठमाडौं स्थित जमलका मणीहर्ष ज्योति र केशरी लक्ष्मी कंसाकारको सश्रद्धाबाट विहारको उत्तर तर्फ ६०'X३१' क्षत्रफल ओगटेको जग्गा सहितको भान्छा कोठा र अर्को एक ठूलो कोठा निर्माण गरियो । उक्त भान्छा कोठा भोजन व्यवस्थाको लागि र अन्य एक कोठा धर्मकीर्ति पुस्तकालयको लागि प्रयोग गरियो ।

यस समयावधि भित्र बुद्ध पूजामा आउनुहुने उपासक उपासिकाहरूको संख्यामा बृद्धि भई स्थान अभावको महसूस गरी विहारको मुख्य द्वारमा अवस्थित

रहेको बारीलाई पनि विगारेर पर्खाल भत्काई उक्त स्थान लाई हलभित्र गाभिने कार्य भयो । यस भुइँतल्लाको माथि कौसी बनाईयो । विहारको यस भागलाई निर्माण गर्नको लागि सहयोग पुऱ्याउनुहुने उपासक उपासिकाहरू डिल्ली बजार निवासी हेराकाजी राजकर्णिकार र मरु निवासी आशामाया राजकर्णिकार हुनुहुन्छ । मुख्य हलमा पहिला प्रतिस्थापन गरिएको बुद्ध मूर्ति वर्माका दो चि चि को तर्फबाट प्राप्त भएको हो भने गोफल निवासी चन्द्रमायाको तर्फबाट पनि एउटा बुद्ध मूर्ति स्थापना गरियो ।

यस हल ठूलो गरिएपछि उक्त ठूलो हलमा ठूलो बुद्ध मूर्ति राखिनुपर्ने निर्णय गरियो । यसको लागि विहारमा आउनु हुने सबै उपासक उपासिकाहरूको सहभागितामा सुनले कुँडिएको तामाले बनाइएको अभयदान मुद्राको बुद्ध मूर्ति वनाई पलिस्था गरियो । यस बुद्ध मूर्तिको दाँयातर्फ बर्मा निवासी दो चि चि को तर्फबाट प्राप्त भएको बुद्धमूर्ति र बाँया तर्फ काठमाडौं गोफल निवासी चन्द्रमायाबाट प्राप्त बुद्ध मूर्ति प्रतिस्थापन गरियो ।

उपासक उपासिकाको साथसाथै गुरुमांहरूको पनि संख्यामा वृद्धि हुँदै गएपछि बिहारमा स्थान अभावको महशुस गरियो । त्यसैले वि.सं. २०४० सालमा मासंगल्ली निवासी दिलमाया र भिमबहादुर महर्जनको तर्फबाट हलको दक्षिण भागमा अवस्थित कौसी छोपी कोठा बनाइयो । यसले गर्दा गुरुमांहरूको बसोवासको लागि कोठाको सुबिधा मिल्यो । यसरी नै उहाँहरूले वि.सं. २०४३ सालमा फेरि यसको पश्चिम तर्फ एउटा कोठा थप्नु भई विहारलाई सहयोग पुऱ्याउनुभयो ।

वि.सं. २०४० सालमा विहारलाई पानीको अभाव भएको कारणले त्यौड तंलाछी निवासी अष्टमाया महर्जन र मोहन महर्जनको सहयोगबाट ट्यूबबेल निर्माण कार्य सम्पन्न गरियो । वि.सं. २०४३ सालमा क्षेत्रपाटी निवासी कृष्णदेवी मानन्धरले यही ट्यूबबेललाई पुनः मर्मत गर्नुभयो ।

त्यसपछि धम्मवती गुरुमां र उहाँको घरका परिवारहरूको तर्फबाट वि.सं. २०४५ सालमा उहाँका माता हेराथकुंको पुण्यस्मृतिमा विहारको तीन तल्लाको उत्तर तर्फ एउटा कोठा निर्माण गरीयो । यसरी नै दिवंगत मंगल लक्ष्मीको स्मृतिमा उहाँका परिवारले पशिचम तर्फ विहार भवनको मुन्तिर पानी त्यांकी निर्माण गरियो ।

वि.सं. २०४७ सालमा बुद्ध पूजामा आउनुहुने उपासक उपासिकाहरूको सहयोगले एउटा इनार खन्ने कार्य सम्पन्न गरियो । यसले गर्दा पानीको समस्या केही हदसम्म हट्यो ।

वि.सं. २०४८ सालमा फेरि एकपटक मासं गल्ली निवासी दिलमाया महर्जन र भीम बहादुर श्रेष्ठको तर्फबाट विहारको तीनतल्लाको पूर्व दक्षिण कुनामा एउटा कोठा निर्माण गरियो । यही वर्षमा जमलका मणिहर्ष ज्योती र केशरी लक्ष्मी कंसाकारको धर्मचित्तले विहारको उत्तर तर्फको भागमा एक तल्ला थप्ने कार्य सम्पन्न गरियो ।

यसरी नै वि.सं. २०५१ सालमा धर्मकीर्ति विहार का आजीवन सदस्यहरूको कोषको ब्याजबाट फेरि एकपटक ट्यूबबेल मर्मत गर्ने कार्य थालियो । यसरी नै वि.सं. २०२२ सालदेखि २०५७ साल सम्ममा विहार निर्माण गर्ने सिलसिलामा आठ पटक सम्म विहारको चर्पी भत्काई एक स्थानबाट अर्को स्थानमा सार्ने क्रम जारी रह्यो । यसको लागि आवश्यक परेको खर्च रत्न मञ्जरी गुरुमां धम्मवती गुरुमां र विहारको अक्षय कोषबाट ब्यहोरेको थियो । यसरी नै पहिला भगवान् बुद्धको पात्रमा चढाइएको पैसा संकलन गरी विहारमा रंग रोगन गर्ने गरियो भने अक्षयकोषको रकमले बिजुली, पानी र टेलिफोनको शुल्क तिर्ने गरियो । तर पछि पानी बिजुलीको शुल्क दर बढ्न थालेपछि विहारका विभिन्न समूह (पुचः) को तर्फबाट बिजुली पानीको शुल्क तिरि दिने कार्य गरियो ।

यसरी विहारमा ३५।३६ वर्ष भित्रमा आवश्यक सहयोग गर्ने सहयोगी दाताहरूको नाम र उहाँहरूको योगदानलाई प्रस्तुत गर्न सकिन्छ । यस बाहेक पनि विहारलाई भैतिक र आर्थिक रूपले प्रत्यक्ष वा अप्रत्यक्ष तवरले सहयोग गर्ने सहयोगीहरू अझ थुप्रै छन् ।

उहाँहरूको नाम यहाँ उल्लेख गर्न छुटेपनि उहाँहरूले निस्वार्थ भावले गर्नुभएको दान र त्याग प्रशंसनीय रहेको छ ।

यसरी ३५।३६ वर्ष भित्रमा विभिन्न तवरले भौतिक विकास सम्पन्न भएपनि योजना बद्ध ढंगले हुन भने सकिएन । यसको साथै विहारको पुरानो भवन भित्रभित्रै चर्किएर फाटिएर आएको कारणले गर्दा विहार को बाहिरी रूप राम्रो भएतापनि भित्र भित्रै जीर्ण हुँदै गइरहेको थियो । यसरी यस विहारको पुन: निर्माण गर्नुपर्ने अवस्थालाई महशूस गरियो । यही समयमा काठमाडौं दगुबहालका उपासक द्रव्यमान सिंह (भाइराजा) तुलाधर र बसुन्धरा तुलाधरको तर्फबाट यस जीर्ण विहारलाई आधुनिक ढंगले पुन: निर्माण गर्ने सोच राख्नुभई विहारप्रमुख धम्मवती गुरुमां समक्ष प्रस्ताव राख्नुभयो । यस प्रस्तावलाई पुराना विहारदाताहरू, विहार निवासी गुरुमांहरू र संरक्षण समितिका सदस्यहरू बिच पनि राखी विहारको पुरानो भवनलाई जग देखि नै भत्काई नयाँ रूपदिने विषयमा छलफल गरियो । यस प्रसतावलाई सर्वसम्मतिबाट राजिखुसि स्वीकार गरियो । यसरी विहारको पुन: निर्माण कार्य संचालन गर्ने निर्णय भएनुसार वि.सं. २०५७ साल पुष २२ गते शनीबार शिलान्यास गरियो । यसरी पुन:निर्माण कार्यलाई द्रव्यमान सिंह, बसुन्धरा तुलाधर प्रमुख सपरिवारले संचालन गर्नुभई आज यस कार्य सम्पन्न गर्न सफल हुनु भएको छ । आज हामी सबै सामु उहाँहरूले नै स्थापना गर्नु भएको बुद्ध मूर्तिहरूलाई भिक्षु संघको तर्फबाट पलिस्था गर्ने कार्य पनि सुसम्पन्न भइसकेको छ ।

अब केही समय पश्चात् उहाँहरूको तर्फबाट बिहारको साँचो हस्तान्तरण गर्ने कार्य सुसम्पन्न हुनेछ । त्यसपछि भिक्षु महासंघको तर्फबाट पवित्र महापरित्राण पाठ हुने कार्यक्रम पनि यहाँहरूलाई अवगत नै भइसकेको छ । यस्तो पवित्र र धर्म प्रीतले भरेको, आफुसंग केही भए जस्तै त्यसलाई दान गरी खुशी हुन सक्ने कार्य, पहिलाका दाताहरू र अहिलेका दाताहरूले पनि आफुले गरेका कुशल कार्यहरूलाई स्मरण गरी खुशी बन्न सकुन्, धर्मप्रीति उत्पन्न गर्न सकुन् । यस स्वच्छ दानको प्रभावले निर्वाण हेतु होस् भनी आशिका गरेको छु । साथै आगामि दिनहरूमा पनि यहाँहरूले विहारको उन्नति अभिवृद्धि गर्ने कार्यको चक्र चलाउँदै अगाडि बढ्न सकोस् भनी कामना गर्दछु ।

"भवतु सब्ब मंगलं"

**दाता द्रब्य मान सिंह तुलाधर**

२०५९ मंसीर ८ गते, आइतवार ।

धर्मकीर्ति विहार पुन: निर्माण गर्ने कार्य सम्पन्न भएको उपलक्षमा आज दीपावली महोत्सवको आयोजना गरेको छु । आज मेरो मन अति हर्षित भइरहेको छ ।

धर्मकीर्ति विहारका सक्रिय क्रियाकलाप बढ्दै गइरहेको अवस्थामा पुरानो विहारको भवनमा स्थान अभावको कारणले समस्या उत्पन्न भइरहेको देखें । त्यसैले विहार पूरा भत्काई फेरि निर्माण गर्न पाएमा धर्मकीर्ति विहारमा सम्पन्न हुने धार्मिक क्रियाकलापहरूमा सुविधा मिल्ने छ भन्ने अनुमान गरें । धम्मवती गुरुमां समक्ष मैले मेरा माता मोतीलानी र पिता रत्नमानसिंह को पुण्य स्मृतिमा धर्मकीर्ति विहारलाई पूर्ण रूपले भत्काई नयाँ ढाँचाले निर्माण गर्ने आफ्नो विचार व्यक्त गरें । धम्मवती गुरुमां प्रमुख विहारका पूर्व दाताहरूको तर्फबाट मञ्जुरी प्राप्त हुने वित्तिकै सहर्षपूर्वक निर्माणकार्यको थालनी गरें । निर्माण कार्य सम्पन्न गर्न भण्डै २ बर्ष समय लाग्यो । विहार निर्माण कार्यमा सबै पक्षबाट पूर्ण रूपले सहयोग प्राप्त भयो । म एक्लैले गरेर संभव हुने कार्य होइन । त्यसैले सहयोगी सबै पक्षहरू समक्ष कृतज्ञ भाव प्रकट गरी धन्यवाद व्यक्त गर्ने मनसाय उत्पन्न भयो ।

सबभन्दा पहिला धम्मवती गुरुमां प्रमुख विहारका पूर्व दाताहरूको तर्फबाट विहार पुन: निर्माण गर्नको लागि मञ्जुरी दिनु भएकोले उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । विहार बनाउने कार्यमा आशिर्वाद एवं हौसला दिनुहुने सबै भन्ते गुरुमांहरू समक्ष सश्रद्धा वन्दना गर्दछु ।

धर्मकीर्ति विहारका विभिन्न इकाईहरू (धर्मकीर्ति विहार संरक्षण कोष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति बौद्ध मासिक पत्रिका, धर्मकीर्ति स्वास्थ्य

कमिटी, बुद्ध पूजाका उपासक उपासिकाहरू आदि) सबै यस पुण्य कार्यमा आआफ्नो खुशियाली ब्यक्त गर्ने मात्र नभई आवश्यक सहयोगहरू पनि प्रदान गर्नुभएकोले सबैलाई हृदयदेखि धन्यवाद प्रकट गरेको छु ।

यस भवन निर्माण कार्यमा व्यवसाय भन्दा पनि बढि पूण्य क्षेत्र ठानेर स्वच्छ मन र पूर्ण लगनशीलताका साथ कार्य गर्नुहुने कार्यकर्ताहरू रोहिणी गुर्जु, आर्किटेक्ट राजेश श्रेष्ठ, सिभिल कन्ट्र्याक्टर भाइकाजी महर्जन, काठको कार्बिङ्ग गर्नुहुने माणिक राज शाकय, मूर्तिकार-हरू पुष्प राज शाक्य, अमीर शाक्य, राजकुमार शाक्य, कलाकारहरू प्रेममान चित्रकार, चिनीकाजी ताम्राकार, वीरेन्द्र चित्रकार, फलामको काम गर्ने कार्यकर्ता निर्मल मानन्धर, आल्मोनियमको काम गर्ने संस्था न्यू टेक प्राइभेट लि., इलेक्ट्रिसियन गणेश सापकोटा, सिकर्मी प्रमुख सुरेन्द्र शर्मा, पेन्टर प्रमुख अनवर आदि सबैले निस्वार्थ भाव राखी काम गर्नु भएकोले निर्माण कार्य सफल र सुचारू रूपले सम्पन्न भएको छ । भवन निर्माण कार्यमा सबैको निस्वार्थ मेहनतको लागि हृदयदेखि प्रशंसा गर्दछु ।

सबै पक्षबाट प्राप्त भएको सामुहिक मेहनतले सम्पन्न भएको यस धर्मकीर्ति विहारको प्रयोजनले तथागतको सद्धर्म चीरस्थायी होस् भन्ने कामना गर्दछु । धर्मकीर्ति विहारको तत्त्वावधानमा संचालन भइरहेका धार्मिक क्रियाकलापहरू भविष्यमा पनि अटूट रूपले संचालन भइरहोस् भन्ने कामना राखी केही रकम आर्थिक सहयोग दिने इच्छा गरेको छु । केही बर्ष अगाडि धर्मकीर्ति स्वास्थ्य कमिटीलाई रु २ लाख चन्दा दिएको थिएँ । धर्मकीर्ति स्वास्थ्य कमिटीको तर्फबाट निशुल्क स्वास्थ्य शिविरहरू सञ्चालन भइरहेका छन् । जुन प्रशंसनिय कार्य हो । त्यसरी नै निशुल्क सेवा प्रदान गर्नुहुने डाक्टर साहेबहरूको सेवा पनि अति प्रशंसनीय रहेको छ ।

"धर्मकीर्ति" मासिक पत्रिका पनि विशेष गरी पूज्य अश्वघोष भन्ते लगायत धर्मकीर्तिका सदस्यहरूको मेहनतको कारणले सफलतापूर्वक प्रकाशन भइरहेको देखी अति हर्षित छु । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका युवा सदस्यहरूले त अझ सबै जसो पूण्य क्षेत्रमा निस्वार्थ भावले, धर्म चेतना प्रकट गरी सक्रियरूपले काम गरिरहेको देखी ज्यादै प्रशंसा गर्दछु । यसरी धर्मकीर्ति विहारका विभिन्न इकाईहरूको तर्फबाट सक्रिय रुपमा संचालन भइरहेका कार्यहरूमा रोकावट नआवोस् भन्ने मनमा राखी सबै कार्यकर्ताहरूलाई हौसला जगाउने मनसायले आज धर्मकीर्ति स्वास्थ्य कमिटी धर्मकीर्ति बौद्ध मासिक पत्रिका र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीलाई रु. १/१ लाख रकम चन्दा प्रदान गरेको छु । अन्त्यमा आज निर्माण कार्य पूराभएको यस धर्मकीर्ति विहारको प्रयोजनले सबै पुण्य कार्यहरू निरन्तर चलिरहोस् भन्ने कामना गर्दछु ।

*नोट: दाता द्रब्यमानसिंह तुलाधरका दुबै मन्तब्यहरू रीना तुलाधरले पढेर सुनाउनु भएको थियो । -सं.*

## आर्थिक सहयोगको लागि साधुवाद

धर्मकीर्ति बिहारको नवनिर्मित भवनका दाता द्रब्यमान सिंह तुलाधरले धर्मकीर्ति बिहारका ३ इकाईहरू (धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति बौद्ध मासिक पत्रिका, धर्मकीर्ति स्वास्थ्य कमिटी) को उत्तरोत्तर प्रगतिको कामना गर्नुभई प्रति इकाईलाई रु १।१ लाख चन्दा सहयोग प्रदान गर्नुभएको छ ।

धर्मकीर्ति विहारका उपरोक्त ३ वटा ईकाईहरूबाट नै दाताको यस मैत्रीपूर्ण श्रद्धा प्रति साधुवाद व्यक्त गरेको छ ।

## बुद्ध धर्म र व्यवहारिक पक्ष

२०५९ आश्विन २ गते ।

स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः ।

यसदिन सोभित भन्तेबाट "बुद्ध धर्म र व्यवहारिक पक्ष" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो- **"धम्म पीति सुखं सेति"** अर्थात् धर्म आचरण गरेमा सुख पूर्वक जीवन बिताउन सकिनेछ ।

धर्मका गुणहरू यसरी रहेका छन्–

स्वाक्खातो - आदि मध्य र अन्त्यसम्म कल्याण गर्ने गरी बताइएको

सन्दिट्ठिको - यहिंको यहिं फल दिने,

अकालिको - समय नबित्दै फल दिने

एहि पस्सिको -. आउ हेर भनी देखाउन मिल्ने,

ओपनयियो - निर्वाण सम्म पुऱ्याइदिने

**पच्चतं वेदितब्बो विञ्ञुहि-** विद्वानहरूले प्रत्यक्ष अभ्यास गरी बुझ्न सकिने धर्म ।

बुद्ध शिक्षानुसार आफ्नो लागि आफैले प्रयास गर्नुपर्छ र आफ्नै विवेक बुद्धि प्रयोग गरी जाँचेर हेरेर मात्र धर्मलाई प्रयोगमा ल्याउने गर्नुपर्छ । धर्मलाई आफ्नो जीवनको व्यवहारमा नै उतार्न सक्नुपर्छ ।

बुद्धले सामान्य नियम शील सदाचार देखि गम्भीर धर्म सम्बन्धि ज्ञानहरू र दैनिक जीवनमा आय व्ययको नियम समेत बताउनु भएको छ । यसरी बुद्धले बुद्धि बिवेक र ज्ञानलाई र स्वतन्त्र चिन्तनलाई प्राथमिकता दिनु भएको छ ।

## छलफल

२०५९ कार्तिक १६ गते, शनिबार ।

स्थान- धर्मकीर्ति विहार, श्रीघ: न:घ: ।

यसदिन इन्दावती गुरुमां समक्ष सहभागी साथीहरू बिच छलफल कार्यक्रम संचालन भएको थियो ।

छलफलको क्रममा एकजना सहभागी साथीले सन्दिट्ठिको विषयमा स्पष्ट बुझ्ने मनसाय राखेकोले इन्दावती गुरुमांले भन्नुभयो- "यहिंको यहिं नै फल प्राप्त हुने अवस्थालाई सन्दिट्ठिको भनिएको हो । उदाहरणको लागि चोरले चोरेको अभियोगमा पाउने सजाँय । यसरी नै राम्रो काम गरेको खण्डमा पाइने प्रशंसा ।

पुन:र्जन्म विषयमा प्रश्न सोधिएकोमा उहाँले भन्नुभयो- "बुद्ध शिक्षामा मुख्य कुरो चित्तलाई मानिन्छ । चित्तको विषयमा जान्ने हो भने अभिधर्म अध्ययन गर्ने र ध्यान गरी आफ्नो चित्तको स्वभावलाई जान्ने कार्य गर्नु पर्छ । किनभने यो संसार चित्तले बनाइरहेको छ । वास्तवमा चित्त क्लेश रहीत निश्वार्थ जसले बनाउन सक्नेछ । उसले संसारबाट अलग्ग रहने क्षमता प्राप्त गर्दछ । प्रज्ञाभवनमा त्रिपिटकधर सयादो उ सुमंगलालंकार बाट गर्नुभएको धर्मदिशनामा बुद्धले यही महाद्वीपमा जन्मनेछु भनी भविष्यवाणी गर्नु भएको विषयमा शंका लागी विश्वास गर्न नसकिएकोले उठाइएको प्रश्नको उत्तरमा इन्दावती गुरुमाले भन्नुभयो - "बुद्ध बन्नलाई दश पारमिता, दश उपपारमिता र दश परमत्थ पारमिता आदि गरी ३० वटा विशेष पारमिताहरू पूर्ण गर्नुपर्छ । पारमिताहरू पूर्ण गरी आफ्नो चित्तलाई जति शुद्ध, निश्वार्थ र एकाग्र गरी आफ्नो बशमा राख्न सकिनेछ, त्यस व्यक्तिले मात्र आफ्नो चित्तको शक्तिलाई प्रयोगमा ल्याउन सकिनेछ । तर हामीले आफ्नो चित्तलाई त्यति निश्वार्थ र निर्मल बनाउन सकिरहेका छैनौं र फलस्वरूप हाम्रो चित्त त्यति शक्तिशाली बन्न सकिरहेको पनि छैन । त्यसैले हामीले चित्त शक्तिको विषयमा विश्वास पनि गर्न सकिरहेका छैनौं ।

कार्यक्रमको अन्त्यमा त्रिपिटकमा उल्लेखित बुद्ध विचारहरूलाई मात्र जनमानसमा प्रचार गर्न पाए बेश हुने मनसाय व्यक्त गरी कार्यक्रम टुंग्याइएको थियो । ■

१. चार आर्यसत्यलाई यथार्थ रूपले बुझ्नेलाई **बुद्ध** (=तथागत= शास्ता=भगवान्) भनिन्छ ।
२. **त्रिरत्न** भन्नाले बुद्ध, धर्म र संघ बुझिन्छ । बुद्ध, धर्म र संघको शरण जानु नै त्रिशरण वा त्रिरत्न शरण जानु हो ।
३. बुद्धले ८४,००० धर्म स्कन्ध (=धर्म समुह) हरू दिनु भएका थिए । ती मध्ये ८२,००० बुद्ध आफैले र बाँकी २,००० बुद्धको अनुमोदनमा अन्य भिक्षुहरूले देशना गर्नु भएका थिए ।
४. भिक्षु संघको स्थापना भारतस्थित सारनाथमा ई. पू. ५२८ मा धर्म चक्र प्रवर्तन (=प्रथम उपदेश) पछि भएको थियो ।
५. बुद्ध-धर्मको मूल ग्रन्थलाई **त्रिपिटक** भनिन्छ । त्रिपिटक भन्नाले सूककत्र पिटक, विनय पिटक र अभिधर्म पिटक बुझिन्छ । (हे. परिशिष्ट "घ")

*( साभार: **बौद्ध दर्पण** )*

## यो पनि जानी राखे राम्रो ........

# छोरी जन्मिएको खुसियालीमा चियापान

जितेन्द्र शाह, कान्तिपुर ।

रंगेली (मोरङ), २३ कात्तिक- चार पुस्तादेखि छोरी विहीन मेहता परिवारमा छोरी जन्मेपछि हर्षोल्लास छाएको छ । मोरङको पूर्व सदरमुकाम रंगेली- ६ स्थित ४९ वर्षीय लक्ष्मीप्रसाद मेहताले नातिनी ईशा जन्मेको तीन महिना पुगेपछि तिहारको अवसरमा इष्टमित्रलाई बोलाएर चियापान गरी खुशी बाँडे । तेह्रथुमस्थित मोराहांग हेल्थपोष्टका प्रमुख पदमा कार्यरत मेहताको ज्येष्ठ सुपुत्र २७ वर्षीय ब्रजेश र २२ वर्षीय बसुन्धराबाट प्रथम सुपुत्रीको रुपमा गत साउन १० गते ईशाको जन्म भएको थियो ।

विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा छोरी जन्मेको लगत्तै मेहता दम्पती जागिरको क्रममा तेह्रथुम जानु परेकाले तिहारको अवसर पारेर उनीहरूले खुशी बाँडेका थिए । ईशाकी ४२ वर्षीया हजुरआमा गुलाबो देवी भन्छिन्- छोराको बिहा भएदेखि नै परिवार मा प्रथम सन्तानको रुपमा छोरी जन्मियोस् भन्ने अभिलाषा राखेका थियौं, पुस्तौंदेखि परिवार छोरीविहीन भएपछि खुशी लाग्नु स्वाभाविक हो । गत चैत्र १ गते मेहता परिवारको ज्येष्ठ सुपुत्र ब्रजेशको विराटनगर- १६ का बसुन्धरासंग विवाह भएको थियो ।

मोरङको डाइनियाँस्थित आदर्श माविका शिक्षकसमेत रहनुभएका नवजात शिशुका हजुरबा लक्ष्मी मेहताको पिता जुगेश्वर र हजुरबा सिकल मेहताको पनि कुनै छोरी थिएन । नातिनीको शिक्षा र तालिममा हरेक किसिमको लगानी गर्न तयार छौं हजुरबा लक्ष्मी भन्छन् । दाइजो प्रथाको जंजालमा जेलिएर पुत्रलाभको कामना गर्ने बाहुल्य तराईबासी समुदायको सम्बन्धमा उनी भन्छन्– 'परम्परागत धारणा र सोचमा परिवर्तन आउनैपर्छ, शिक्षा र वातावरण पाए छोरी पनि छोरासरह हुनेछ ।'

'ईशाको हजुरबा र आमाले नातिनीलाई एकछिन आँखाबाट पर जान दिदैनन्' स्थानीय समाजसेवी वृजकिशोर मण्डल भन्छन्– गर्भमै छोरीको हत्या गर्ने र आदर्शको गफ छाँट्ने तर छोरी जन्मिँदा अनुहार फुङ्ग उड्नेको लागि उनीहरू उदाहरणीय बनेका छन् ।' विराटनगर- १६ निवासी ब्रजेशको ससुरा नेपाली कांग्रेसका कार्यकर्ता विन्देश्वरप्रसाद महतो र सासु बिथिका महतोले पनि नातिनीको आगमनमा भाइटीकाको साँझ छोरी र ज्वाईँलाई बोलाएर भोजको आयोजना गरे ।

**धर्मकीर्ति पत्रिका तातिके जुइमा धका मनंतुना ।**
**रु. ३००/– प्रदान याना बिज्याम्ह नेमराज शाक्य अलको हिति ल.पु.यात धर्मकीर्तिया साधुवाद दु ।**

---

★ **सुत्र पिटकमा** बुद्धका उपदेशहरू संकलन गरिएका छन् । **विनय पिटकमा** भिक्षु र भिक्षुणीहरूको लागि विनय (=नियम) संकलन गरिएका छन् । **अभिधर्म पिटकमा** दर्शनका कुराहरू समावेश गरिएका छन् ।

★ **बुद्ध शासन** (=बुद्ध-धर्म) को आयु भन्नाले विनय बुझिन्छ ।

★ बुद्ध-धर्ममा पालि भाषाका त्रिपिटकलाई सबभन्दा बढी प्रामाणिक ग्रन्थ मानिन्छ । त्यसपछि "मिलिन्छ प्रश्न" र "विशुद्धि मार्ग" नामक ग्रन्थहरूको स्थान छ ।

*( साभार: **बौद्ध दर्पण** )*

## विपश्यना ध्यान शिविर सुसम्पन्न

तानसेन, पाल्पा । बाणिज्य भवन, वतासे डांडा ।

विपश्यना ध्यान समूह पाल्पाको आयोजनामा कार्तिक ३ देखि १४ गते सम्म १० दिवसिय विपश्यना ध्यान शिविर सम्पन्न भएको समाचार छ । आचार्य सुश्री नानी मैंया मानन्धर एवं आचार्य श्री शील बहादुर बज्राचार्यबाट सो शिविर संचालन गरिएको थियो । पुरुष साधक १२ जना र महिला साधिका २२ गरी जम्मा ३४ जना साधक साधिकाहरू सहभागी भएको उक्त शिविर छत्रराज शाक्यको व्यवस्थापन एवं निर्देशनमा सम्पन्न भएको थियो ।

## बुद्धपूजा, धर्मदेशना र ज्ञानमाला भजन

२०५९ आश्विन १९ गते ।

स्थान- हिरण्यवर्ण महाविहार क्वाबहाल, ललितपुर ।

कीर्तिपुरको समग्र ज्ञानमाला भजन खल:ले विभिन्न बिहारहरूमा प्रत्येक महिनामा बुद्धपूजा, धर्मदेशना र ज्ञानमाला भजन संचालन गर्दै आएको क्रममा छैठौं पटकको उक्त कार्यक्रम हिरण्यवर्ण महाविहारमा सम्पन्न भएको समाचार छ । भिक्षु धम्मपाल महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको उक्त समारोहमा आशारत्न शाक्यले स्वागत भाषण गर्नुभएको थियो ।

समारोहमा हिरण्यवर्ण महाबिहार, विहार सुधार समितिको तर्फबाट समितिका अध्यक्ष मीन बहादुर शाक्यले कीर्तिपुरमा भजन खल:को आयोजनामा निर्माण गर्न लागेको विहारको लागि रु. ५०००।- (पाँच हजार) आर्थिक सहयोग स्वरूप प्रदान गरिएको थियो । कार्यक्रमको अन्त्यमा भजन खल:का सचिव जुलुम शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## अष्टपरिष्कार तथा कल्पवृक्ष दान

२०५९ कार्तिक ४ गते, सोमबार ।

स्थान- सुगतपुर विहार, त्रिशुली ।

भारत निवासी भिक्षु धम्मपाल र भिक्षु सुदर्शनले सुगतपुर विहारमा वर्षावास पूर्ण गर्नुभएको उपलक्षमा झनकराज बज्राचार्य र ज्ञानीमाया महर्जनबाट अष्टपरिष्कार दान र उपासक उपासिकाहरूको तर्फबाट कल्पबृक्ष, उत्तरासंघ र चीवर वस्त्र आदि दान गर्नुभएको समाचार छ ।

भिक्षु सुदर्शनले शील प्रार्थना गराउनु भई भिक्षु धम्मपालले धर्मदिशना गर्नुभएको उक्त समारोहमा सुगतपुर विहारको उन्नति र बुद्ध धर्म चिरस्थाईको निमित्त प्रचार प्रसार कार्यमा अविच्छिन्न रूपले सहयोग गरि आउनुभएका उपासक उपासिकाहरू चारजनालाई अभिनन्दन र कदर पत्र प्रदान गरिएको थियो ।

## ध्यानकुटी बालआश्रममा परिचयात्मक कार्यक्रम

बनेपा- गत २०५९ मंसीर ७ गते शनिबार अन्तर राष्ट्रिय बाल दिवसको उपलक्षमा बनेपामा एकबर्ष अगाडि स्थापित "बोधिसत्व ल्यायम्ह पुच:" द्वारा ध्यानकुटी मेत्ता सेन्टर बाल आश्रममा रहेका ११ (एघार) जना बालिकाहरूसंग एक परिचयातमक कार्यक्रम सम्पन्न गरियो ।

उक्त परिचयात्मक कार्यक्रम पश्चात पुच: द्वारा दिपावली, बुद्धपुजा तथा शील प्रार्थना गरी विविध खेलकुद तथा स्टेशनरी सामाग्री वितरण पछि भोजन गराइएको थियो ।

## शोकसभा

२०५९ कार्तिक २१ गते, विहिबार ।

स्थान- संघाराम विहार ।

संघाराम भिक्षु तालिम केन्द्रका संस्थापक प्रमुख दाता एवं वर्तमान नेपालको थेरवाद बुद्धधर्म उन्नति-उत्थान गर्नमा महत्त्वपूर्ण योगदान कर्ता दि. द्वारिकादास श्रेष्ठको स्मृतिमा यहाँको संघाराम विहारमा एक शोकसभाको आयोजना गरियो ।

आचार्य भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा सम्पन्न उक्त सभा शील-प्रार्थनाद्वारा

प्रारम्भ भएको थियो । संघाराम भि.ता.के.का संस्थापक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले दि. श्रेष्ठको योगदान, परिचय एवं विशेषता अघि राख्नुभयो । तत्पश्चात् उपस्थित भिक्षु, अनगारिका तथा उपासक-उपासिकाहरू-द्वारा दि. श्रेष्ठको तस्वीरमा माल्यार्पण एवं पुष्पगुच्छा चढाएर श्रद्धाञ्जलि व्यक्त गरे । त्यसको लगत्तै एक मिनेट मौन धारण गरी दि. उपासकको स्मरण गरियो ।

भिक्षु संघरक्षित, संघाराम द्वारा संचालन गरिएको उक्त, कार्यक्रममा श्रद्धेय भिक्षु आनन्द, भिक्षु सोभित, भिक्षु भद्दिय, भिक्षु सद्धातिस्स, भिक्षु विनित, भिक्षु कौण्डन्य तथा भू.पु. मन्त्री प्रयागराज सिंह सुवालबाट आ-आफ्ना श्रद्धाञ्जलि – मन्तव्य तथा दि. उपासकको गुण, विशेषता, योगदान आदि विषयमा चर्चा गर्नुभयो । बौद्ध विद्वान् प्रा. सुवर्ण शाक्यद्वारा विशेष मन्तव्य दिइएको उक्त सभामा भिक्षु कोलितले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

विभिन्न विहारका प्रतिनिधिहरू, संघ-संस्था आदि बृहद् व्यक्तिहरूको उपस्थितिमा संचालित उक्त शोकसभा दि. उपासकको पुण्य स्मृतिमा पुण्यानुमोदन सहितको मन्तब्य प्रकाश पार्नुहुदै सभापतिबाट औपचारिक सभाको विसर्जन गरियो ।

## "बौद्ध संगालो" कृति विमोचन

सत्यसन्देश प्रचारक प्रकाशन, काठमाडौं । २०५९ कार्तिक २४ गते, आइतवार ।

बौद्ध मात्रलाई आवश्यक भइरहने पञ्चशील, बुद्धपूजा, त्रिरत्न-गुण, परित्राण, ज्ञानमाला, धम्मपद आदि विषयहरूमा प्रकाश पारिएको एवं सत्यसन्देश प्रचारक प्रकाशनका प्रमुख भिक्षु संघरक्षितद्वारा संकलित - "बौद्ध संगालो" कृति यहाँको संघाराम विहार, ढल्कोमा महान् कथिनोत्सवको उपलक्ष्य पारेर नेपालका ज्येष्ठ भिक्षु संघनायक अनिरुद्ध महास्थविरद्वारा विमोचन गरियो ।

श्रद्धेय भिक्षु कोलितद्वारा संचालन गरिएको उक्त समारोहमा भिक्षु विनितद्वारा धर्मदेशना भएको थियो । भिक्षु संघरक्षित ३ महिनासम्म वर्षावास सम्पन्न गरेको शुभ-उपलक्ष्यमा आयोजित कथिन-दानका दाता अ. धर्मरक्षिता थिइन् भने भिक्षुहरू, अनगारिकाहरू, उपासक-उपासिकाहरू गरी हजारौं संख्यामा उपस्थिति थियो ।

धर्मदिशना, कथिन-दान र अष्टपरिष्कार-दानपछि लगत्तै संघनायकद्वारा उक्त कृतिको विमोचन भएको थियो । सबैलाई हुने र उपयोगी "बौद्ध संगालो" नेपाली देखेर संघनायक भन्तेले अत्यधिक खुशी व्यक्त गर्नुभएको थियो ।

कृतिको केन्द्रिय समीक्षक एवं टिप्पणीकार बौद्ध विद्वान् प्रा. सुवर्ण शाक्य भन्नुहुन्छ- ३ महिनासम्म विनयपूर्वक बर्षावास सम्पन्न गरेर आफ्नै कृति यस समारोहमा सार्वजनिक गरी दान दिनु भिक्षु संघरक्षितको भिक्षु जीवनको सार्थकता हो ।

सत्यसन्देश प्रचारक प्रकाशनको आठौं कृतिका रूपमा न्हुच्छेनारायण मानन्धरद्वारा धर्मदान गरिएको कृति समारोहमा उपस्थित सबैलाई धर्मोपहार प्रदान गरिएको थियो । पुण्यानुमोदनद्वारा विसर्जन गरिएको उक्त समारोहमा उपस्थित सबैलाई जलपान-भोजनको पनि व्यवस्था गरिएको थियो ।

## हेतुया कारणं थी थी धर्मत प्रादुर्भाव जुल

यल मार्ग शीर्ष संल्हू ।

यल लाय्कु स्थित विश्व मैत्री विहारय् पंचशील प्रार्थना व वुद्ध पूजा लिपा सम्पन्न बौद्ध सभाय् भिक्षुणी सुजातां, भिक्षु सारिपुत्र सहनशील, प्रज्ञावान व परोपकारीम्ह जुया विज्यागुलिं अग्रश्रावक ख: धया विज्यासे फुक्क धर्म कारण दया दुगु खँ देशना याना विज्यात ।

दिलशोभा शाक्यं जि जिगु धैगु भावना मतस्य सकलसित समान दृष्टि कोणं अपनेयायेमागु खँ कना दिल ।

धर्मराज निभानं भिंतुना शिर्षकया कविता न्यंकादीगु थुगु ज्याझ्वलय् मोहन महर्जनं लसकुस व प्रेम वहादुर वज्राचार्य सुभाय वियादीगु ख: । ज्याझ्व लोक वहादुर शाक्यं न्ह्याका दीगु ख:सा वावुकाजि महर्जनं जलपानया व्यवस्था यानादीगु ख: । ■

★ बुद्धले प्राप्त गर्नु भएका ज्ञान (=चार आर्यसत्यको ज्ञान) लाई **बोधिज्ञान** भनिन्छ । उहाँले जुन रूखमुनि बसेर बोधिज्ञान (=बुद्धत्व) प्राप्त गर्नुभयो, त्यसलाई **बोधिवृक्ष** भनिन्छ । बोधिवृक्षको फेदमा त्यो स्थान जहाँ बसेर बुद्धले बोधिज्ञान लाभ गर्नुभएका थिए, त्यसलाई **बोधिमण्डप** भनिन्छ ।

★ बोधिज्ञान लाभ गर्न प्रयत्नशील अर्थात् भविष्यमा बुद्ध हुने व्यक्तिलाई **बोधिसत्व** भनिन्छ । यसरी सिद्धार्थ एक बोधिसत्व हुनुहुन्थ्यो ।

★ बुद्ध-धर्ममा चार मुख्य सिद्धान्तहरू छन्–

१) कुनै परम ईश्वर (=श्रृष्टिकर्ता) लाई नमान्नु

२) नित्य आत्मालाई नमान्नु ।

३) कुनै पनि ग्रन्थ (वेद, कुरान, आदि) लाई स्वत: प्रमाण नमान्नु ।

४) जीवन प्रवाहलाई यसै जन्मसम्ममा मात्रै सीमित नमान्नु ।

★ दुई हात, दुई घुँडा र टाउको एकै साथ भुइँमा टेकेर वन्दना गर्नुलाई **पंचाङ्ग दण्डवत्** भनिन्छ ।

★ बुद्ध-धर्मका दुई शाखाहरू छन् - थेरवाद र महायान । थेरवाद वा स्थविरवाद बुद्ध-धर्मको परंपरादेखि चलिआएको मूल शाखा हो । महायान (=महान् वाहन) यसैबाट निस्केको थियो ।

★ **थेरवाद**ले बुद्धलाई एक महामानव मान्दछ । उनीहरू क्लेश मुक्त गरी अर्हत् हुन चाहन्छन् । यो ज्ञान-मार्ग हो ।

★ महायानले बुद्धलाई अलौकिक देउता मान्छ । उनीहरू आफू पनि बुद्ध हुने चाहना गर्छन् । यो भक्ति मार्ग हो ।

★ गाडीका चार चक्काहरू जस्तै बुद्ध-शासनमा **चार परिषद्‌हरू** छन् - (१) भिक्षु, (२) भिक्षुणी, (३) उपासक, (४) उपासिका ।

★ आफ्नो छोरो वा छोरीलाई भिक्षु वा भिक्षुणी बनाएमा उसले बुद्ध-शासनमा अंश लिएको ठहरिन्छ ।

★ घर छाडी त्यागी बन्नुलाई प्रव्रजित हुनु भनिन्छ । भिक्षु संघमा प्रव्रजित हुनुको अर्थ हो श्रामणेर बन्नु । **श्रामणेर**ले भिक्षुहरूकहाँ बसी उनीहरूको काम गरिदिन्छ र साथै बुद्ध-धर्मको अध्ययन गर्छ । बीस वर्षको उमेरमा उपसम्पदा गरिसकेपछि भिक्षु बन्छ ।

★ भिक्षु संघमा प्रयोग हुने विभिन्न शब्दहरू यस प्रकार छन् -

| | |
|---|---|
| *अनगारिक* | - गृहत्यागी (पुरुष) |
| *अनगारिका* | - गृहत्यागी (महिला) |
| *प्रव्रज्या* | - श्रामणेर हुने क्रिया |
| *उपसम्पदा* | - भिक्षु हुने क्रिया |
| *उपाध्याय* | - प्रव्रज्या गरिदिने भिक्षु |
| *आचार्य* | - गुरु बनी बुद्ध-धर्म सिकाउने भिक्षु |
| *श्रामणेर* | - भिक्षुको लागि उम्मेदवार |
| *स्थविर* | - भिक्षु भएर दश वर्ष भइसकेको |
| *महास्थविर* | - भिक्षु भएर बीस वर्ष भइसकेको |
| *भन्ते* | - भिक्षु र श्रामणेरहरूलाई सम्बोधन शब्द |
| *आयुष्मान्* | - आफूभन्दा जेठो भिक्षुलाई सम्बोधन |
| *आवुसो* | - आफूभन्दा कान्छो भिक्षुलाई सम्बोधन |
| *स्रोतापन्न* | - पक्कै निर्वाण प्राप्त गर्ने व्यक्ति |
| *अर्हत्* | - क्लेश नष्ट गरिसकेको, निर्वाण प्राप्त व्यक्ति |
| *मार्गफलप्राप्त* | - कमसेकम स्रोतापन्न भइसकेको व्यक्ति |
| *पृथकजन* | - मार्गफलप्राप्त नगरेका साधारण व्यक्तिहरू |
| *उपासक* | - बौद्ध गृहस्थी (पुरुष) |
| *उपासिका* | - बौद्ध गृहस्थी (महिला) |
| *साधु ! साधु !!* | - मंगल होस् ! शुभ होस् !! |

*( साभार: **बौद्ध दर्पण** )*

*मुद्रक :* **न्यू नेपाल प्रेस** *प्रधान कार्यालय :* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
*व्यापारिक कार्यालय :* शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

# पापी र पुण्यवान्

✍ **भिक्षु संघरक्षित**

पाप गर्नमा रमाउने पापी व्यक्तिलाई
इहलोक परलोक दुबैलोकमा शोक हुन्छ ।
देखेर आफूले गरेको खराब कामलाई
आफैमा पनि दुःखी र पीडित हुन्छ ॥

पापी व्यक्तिलाई यहाँ पनि वहाँ पनि
दुबैलोकमा ताप-पश्चाताप हुने गर्छ ।
गरेको पाप सम्झेर संताप गरी
दुर्गतिमा पतन भई झन् ताप गर्छ ॥

पुण्य गर्नमा नठाक्ने पुण्यवान व्यक्तिलाई
इहलोक परलोक दुबैलोकमा सुख हुन्छ ।
देखेर आफूले गरेको राम्रो कामलाई
आफैमा सुखी हुन्छ प्रमुदित हुन्छ ॥

पुण्यवान् व्यक्तिलाई यहाँ पनि वहाँ पनि
दुबै लोकमा आनन्दको अनुभूति हुन्छ ।
आनन्दित हुन्छ मैले पुण्य गरें भनी
सुगतिमा पुगेर झन् धेरै आनन्द हुन्छ ॥

*- यमकवग्गो*

## फुक्क संस्कार अनित्य खः

जन्मः
ने.स. १०३७ पोहेला गा परेवा



मदुगु दिंः
ने. स. ११२२ कौलाथ्व पुन्ही

**दिवंगत मिन बहादुर शाक्य**

***हने बहम्ह जिम्ह जहान क्वाबहाः यलया दशपारमिता***
***आजु मिन बहादुर शाक्य दिवंगत जुया बिज्यागु इलय् वसपोलया***
***निर्वाण कामना यासें शोकया थ्व इलय् धैर्य यायूत तिबः बिया बिज्यापिं/भापिं***
***सकल बन्धुपिन्त दुनुगलं निसें सुभाय् देछाना च्वना ।***

*सुभाय् देछापिंः*

**जहानः रत्न माया शाक्य, रत्न प्रभा शाक्य, रत्न शोभा शाक्य**
**चन्द्र शोभा शाक्य, गौत्तम रत्न शाक्य, सविना शाक्य**